भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com




★ वर्ष : २८ ★ अङ्क :१३१ ★ ने. सं. ११४६ अनला गा, तृतीया ★ बुधबार ★ २० जेठ, २०८३ ★ June 3, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – ६

नेपालको संविधानको धारा २६६ (१) ले नेपाली सेना परिचालन र नियन्त्रणको निम्ति मन्त्रिपरिषद्‌लाई सिफारिस गर्न राष्ट्रिय सुरक्षा परिषद्‌को व्यवस्था गरेको छ । उक्त राष्ट्रिय सुरक्षा परिषद्‌लाई सेना परिचालनको सिफारिसबाहेक अन्य कुनै काम गर्ने अख्तियारी दिएको देखिएन ।

प्रदर्शनको क्रममा सुरक्षाकर्मीको गोली लागी २३ गते १९ जना र उपचारको क्रममा २३ जना गरी जम्मा ४२ जना, २४ गतेको प्रदर्शनमा ३ जना सुरक्षाकर्मी, २५ गते नेपालगञ्जको नौवस्ता बाल सुधारगृह, रामेछाप र धादिङको कारागारका १० जना बालबिझ्याइकर्ता तथा कैदीबन्दीको मृत्यु भएको देखिन्छ । यस्तो कार्य राज्यको सुरक्षाकर्मी वा आपराधिक व्यक्ति वा जो सुकैको कारबाहीबाट मारिए पनि गलत नै हो भन्ने स्पष्ट हुँदाहुँदै त्यस्तो कार्य उल्लिखित धारा २६६ (१) ले कल्पना गरेबमोजिम नेपालको सिमाना, सार्वभौमसत्ता, अखण्डता स्वाधीनता आदि जस्ता राष्ट्र हितमा असर पर्ने गरी घटना भएको भनी विश्लेषण गर्न सक्ने अवस्था रहेन ।

सशस्त्र प्रहरी ऐन २०५८ को दफा ४ मा सशस्त्र प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ भन्ने व्यवस्था गरिएको छ । नेपाल सरकारको निर्देशनबमोजिम भदौ २३ गते बिहानदेखि नै सशस्त्र प्रहरीहरू फिल्डमा खटिइरहेको मिसिल प्रमाणबाट देखिएको अवस्थामा केन्द्रीय सुरक्षा समितिले तोकिएको कार्य गरेन भनी आरोपित गर्न मिल्ने देखिएन ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) ले जिल्लाको शान्ति सुरक्षाको जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरेको देखिन्छ । सोही ऐनको दफा ६ (७) मा जिल्ला सुरक्षा समिति रहने व्यवस्था छ । तर, जिल्ला सुरक्षा समितिको काम, कर्तव्य र अधिकार कहींकतै उल्लेख छैन । उक्त समिति प्रमुख जिल्ला अधिकारीको सल्लाहकार समिति मात्र हो कि भन्ने भान हुन आउँछ । प्रमुख जिल्ला अधिकारीलाई प्रहरी सञ्चालन गरी शान्ति सुरक्षा अमनचयन कायम गर्न दफा ६.क. ले कर्फ्यु लगाउने र रबरको गोली चलाउने आदेश दिनेसम्मको अख्तियारी प्रदान गरेको पाइन्छ । प्रमुख जिल्ला अधिकारीले शान्ति सुरक्षा कायम गर्ने कार्यमा गृह मन्त्रालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग निरन्तर सम्पर्कमा रही कर्फ्यु आदेश जारी गरेपश्चात् सेनाको सहयोगसमेत मागेको मिसिल प्रमाणबाट स्पष्ट देखिन्छ ।

नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग स्थापना हुनेछ भन्ने व्यवस्था गरेको छ । यस कार्यालयको जिम्मेवारी गुप्तचरको परिचालन गर्ने, सुरक्षा विषयको सूचना प्राप्त गर्ने रहेकोमा कुनै विवाद हुन सक्दैन । भदौ २३ र २४ को घटनामा यस विभागले पर्याप्त सूचना सङ्कलन गर्न नसकी निष्कृय र प्रभावहीन रहेको देखियो ।

संसद् भवन सुरक्षार्थ नेपाल प्रहरीको एक टुकडी Special Task Force (STF) रहेकोमा कुनै विवाद रहेन । संसद् भवनको सुरक्षामा गम्भीर खतरा देखेपछि प्रहरी कर्मचारीसँग जुन हतियार छ त्यही नै प्रयोग गर्ने हो । रबरको गोली हुनेले आदेशबमोजिम रबरको गोली प्रयोग गर्नु र Live Bullet हुनेले त्यस्तो गोली प्रयोग गर्नु सामान्य बुझाइ हुन सक्ला । तर, जब मानव अधिकारको प्रश्न उठ्छ यस्तो ओठे जवाफ दिएर कुनै पनि निकाय वा पदाधिकारीले उन्मुक्ति पाउन सक्ने अवस्था हुँदैन । "रबरको गोली चलाउन मात्र मैले आदेश दिएको" भन्ने काठमाडौँका प्रमुख जिल्ला अधिकारीको भनाइ रहेको छ भने धातुको गोली लागेर अधिकांश व्यक्तिको मृत्यु भइरहेको तथ्य शव परीक्षण प्रतिवेदनवाट स्पष्ट छ ।

भदौ २३ गतेको घटनामा सुरक्षाको लागि खटिएका सशस्त्र प्रहरी र नेपाल प्रहरीका कर्मचारीहरूसँग समान स्तरका उस्तैउस्तै हतियार रहेको अवस्था थियो । यस अवस्थामा, कसले गोली हान्ने आदेश दियो, कुन प्रहरी कर्मचारीको गोलीबाट को मानिसको मृत्यु भयो आदि जस्ता आपराधिक दायित्वको प्रश्नमा खोतलेर अनुसन्धान गरी कानुनबमोजिम मुद्दा चलाउने कार्य सरकारको हुन आउँछ ।

मुलुकभित्र शान्ति सुरक्षा व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारीमा तत्कालीन गृहमन्त्री र सोअन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुखहरू रहने निर्विवाद छ । शान्ति सुरक्षा व्यवस्थापन गर्ने कार्यमा संलग्न सुरक्षाकर्मीहरू Chain of Command मा सञ्चालित हुने पनि निर्विवाद तथ्य हो । मुलुकको शान्ति सुरक्षा व्यवस्थापन गर्ने कार्यमा नेतृत्वदायी तथा केन्द्रीय भूमिकामा रहने माथि उल्लिखित पदाधिकारीहरूको प्रत्यक्ष निर्देशनमा मातहतका सुरक्षाकर्मीहरू फिल्डमा खटिने र काम गर्नुपर्ने कानुनी दायित्व हुन्छ । यस्तो अवस्थामा 'मैले गोली हान्न आदेश दिएको होइन' भनी आफू मातहतका कर्मचारीहरूबाट भएको कार्यको जिम्मेवारी तथा दायित्वबाट तत्कालीन गृहमन्त्री, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक तथा राष्ट्रिय अनुसन्धानका प्रमुख विमुख हुन मिल्ने अवस्था हुँदैन । अत: २०८२ साल भदौ २३ गते बाँच्न पाउने हकबाट वञ्चित भएकाहरूको मानव अधिकारको हननको मुख्य दोष माथि उल्लिखित पदाधिकारी र तत्कालीन गृहमन्त्री रमेश लेखकउपर सामूहिक रूपमा जाने देखिन्छ ।

## भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्कालाई स्वागत



भक्तपुर, १९ जेठ । भक्तपुर नगरपालिकाले भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्कालाई मङ्गलबार स्वागत तथा परिचयात्मक कार्यक्रम आयोजना गर्‍यो । नगर प्रमुख प्रजापतिले नवनियुक्त प्रजिअ खड्कालाई भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरका विभिन्न समस्या समाधानमा विगतदेखि नै प्रमुख जिल्ला अधिकारीहरूसँग सहकार्य गर्दै आएको उल्लेख गर्दै केही पूर्वप्रजिअहरूले जिल्लामा सम्झनलायक काम गरेको स्मरण गर्नुभयो ।

कामले नै व्यक्तिको पहिचान स्थापित गर्ने बताउँदै उहाँले जिल्ला प्रशासन कार्यालय स्थानान्तरणको लागि आवश्यक जग्गा व्यवस्थापन गरिरहेको जानकारी दिँदै त्यसलाई कार्यान्वयनमा लान नयाँ प्रजिअबाट आवश्यक पहल हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरलाई कार्यथलोको रूपमा ग्रहण गर्दै जिल्लाको विशिष्टता थप उजागर गर्न प्रजिअ खड्काको सक्रिय भूमिका रहने आशा व्यक्त गर्दै यहाँको स्रोत साधनको अधिकत्तम उपयोग गर्दै जनसहभागितामूलक विकासलाई भक्तपुर नपाले जोड दिँदै आएको बताउनुभयो ।

नवनियुक्त प्रमुख जिल्ला अधिकारी खड्काले स्वागतका लागि धन्यवाद व्यक्त गर्दै आफूले यसअघि पाँच जिल्लामा प्रमुख जिल्ला अधिकारीका रूपमा काम गरिसकेको जानकारी दिनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहमा काम गरेको आफ्नो अनुभव सुनाउँदै उहाँले एक अर्काबिचको समन्वयविना प्रभावकारी सेवा प्रवाह सम्भव नहुने बताउनुभयो ।

२८ वर्ष निजामती सेवामा बिताएको अनुभव सुनाउँदै उहाँले सानो जिल्ला भए पनि भक्तपुरमा सहज र प्रभावकारी ढङ्गले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सुशासन कायम गर्ने सङ्घीय सरकारले दिएको प्राथमिकतालाई जिल्लास्तरमा कार्यान्वयन गर्ने बताउँदै उहाँले भन्नुभयो, "हरेक काम चुनौतीपूर्ण हुन्छ, आफ्नो पहिचान जोगाउँदै सबै पक्षसँग समन्वय गरेर काम गर्नेछु ।"

कार्यक्रममा नगर उपप्रमुख रजनी जोशीले विभिन्न जिल्लामा काम गरिसकेका अनुभवी प्रशासकलाई भक्तपुरमा स्वागत गर्न पाउँदा खुसी व्यक्त गर्दै भक्तपुरलाई आफ्नो कार्यथलो बनाएर सहकार्य र समन्वयमा काम गर्ने विश्वास रहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले आफ्नो कार्यकाललाई पछिल्लो पुस्ताले स्मरण गर्ने गरी सफल बनाउन शुभकामना दिँदै भक्तपुर नगरपालिकाको काम गर्ने शैली फरक रहेको र समन्वयबाट राम्रो काम हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले जिल्लाको विकास, सुशासन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीको भूमिका महत्त्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले प्रजिअ खड्कालाई नगरपालिकाद्वारा प्रकाशित विभिन्न प्रकाशन उपहार प्रदान गर्नुभयो ।

## व्यङ्ग्यचित्र कुनो




## संयुक्त राष्ट्रसङ्घद्वारा गाजापट्टीमा जारी इजरायली आक्रमणको निन्दा

न्युयोर्क, १९ जेठ (क्यूएनए) । संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार कार्यालयले गाजापट्टीमा भएको इजरायली कब्जा र आक्रमणको निन्दा गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनको निरन्तर उल्लङ्घन भएको जनाएको छ । कार्यालयले निरन्तरको द्वन्द्वले बालबालिकाको बिग्रँदै गएको मानवीय अवस्थाको बारेमा चेतावनी दिएको छ ।

लामो समयसम्म चलिरहेको नाकाबन्दीले गाजावासीलाई पर्याप्त आश्रय, औषधि र खाद्यान्न आपूर्तिलगायतका आधारभूत आवश्यकताबाट वञ्चित गरेको जनाइएको छ भने सैन्य अपरेसनको समयमा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको विज्ञप्तिमार्फत चेतावनी दिइएको छ ।

इजरायली अपरेसन र पश्चिमतर्फ सैन्य विस्तारको निरन्तरताको बिचमा गाजाको अधिकांश जनसङ्ख्याले विस्थापनको समस्यासँग जुधिरहनुपर्ने अवस्थाको सामना गरिरहेको जनाइएको छ ।

पछिल्लो समयमा निरन्तर जारी गरिएका नयाँ विस्थापन आदेशहरूले गाजा बासिन्दालाई आफ्नो आश्रय स्थान छोड्न बाध्य पारेको र यी घटनाले परिवारलाई थप विस्थापन तथा सीमित क्षेत्रहरूमा धकेल्न बाध्य पारेको कार्यालयले जनाएको छ ।

दीर्घकालीन विस्थापनको समस्यामा बाँचिरहेका गाजानहरूविरुद्ध निरन्तर जारी सैन्य आक्रमण र स्वास्थ्य, शिक्षा, खाद्य उत्पादन र नागरिक पूर्वाधारको विनाशका कारण गाजामा युद्ध अपराधको आयोगबारे चिन्ता बढेको अधिकृत प्यालेस्टिनी क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारका प्रमुख अजित सङ्घले बताउनुभएको छ ।

**सुडानमा अन्तरसामुदायिक हिंसा बढ्दा मानवीय सहायता प्रभावित : संयुक्त राष्ट्रसङ्घ**

संयुक्त राष्ट्रसङ्घ । पश्चिमी सुडानका डार्फुर र कोर्डोफान क्षेत्रहरूमा जारी युद्धका बिच अन्तरसामुदायिक हिंसा बढ्दै गएको तथा हैजाको सम्भावित प्रकोपले मानवीय सङ्कट थप जटिल बनाएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता समन्वय कार्यालयका अनुसार, मध्य डार्फुर र दक्षिण डार्फुर प्रदेशहरूमा प्रतिद्वन्द्वी समुदायबिच भएको झडपमा मानवीय क्षति भएको छ भने हजारौँ मानिस विस्थापित भएका छन् । केही परिवारहरू छिमेकी देश चाडतर्फ पलायन गर्न बाध्य भएका छन् ।

जारी विज्ञप्तिमा भनिएको छ, "बढ्दो असुरक्षाले मानवीय सहायता सञ्चालनमा समेत अवरोध पुर्‍याइरहेको छ । मध्य डार्फुरमा करिब २१ हजार मानिसलाई लक्षित मानवीय गतिविधि झडपका कारण स्थगित गरिएको छ ।"

यसैबिच, पश्चिम कोर्डोफानमा हैजाको आशङ्कित प्रकोप फैलिरहेको छ । आइतबारसम्म ३०० भन्दा बढी आशङ्कित सङ्क्रमित र ७७ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरिएको छ ।

स्वास्थ्य साझेदार संस्थाहरूले प्रतिक्रिया जनाइरहेका भए पनि अत्यावश्यक सामग्री तथा स्रोतसाधनको अभावले उनीहरूको काम प्रभावित भएको बताइएको छ । मार्च महिनामा देशव्यापी हैजा प्रकोप अन्त्य भएको घोषणा गरिए पनि त्यस क्रममा १ लाख २४ हजारभन्दा बढी सङ्क्रमित र तीन हजार ५०० भन्दा बढी मृत्यु भएका थिए ।

वर्षायाम सुरु भएसँगै हैजा तथा पानीजन्य अन्य रोगहरूको जोखिम अझ बढ्ने चेतावनी दिइएको छ। खानेपानी तथा अन्य आधारभूत पूर्वाधारमाथि भइरहेका आक्रमणका कारण स्वच्छ पानीको पहुँच थप कठिन बनेको बताइएको छ ।

गत हप्ता मनाइएको ईद अल-अधा पर्वको अवधिमा पनि डार्फुर र कोर्डोफानका विभिन्न क्षेत्रमा युद्ध चर्किंदा दर्जनौँ सर्वसाधारणको ज्यान गएको जनाइएको छ ।

उत्तर कोर्डोफानको बारा क्षेत्रमा भएको भिडन्तमा कम्तीमा एक दर्जन सर्वसाधारण मारिएका, धेरै परिवार

बाँकी पृष्ठ ८ मा



**वीरेन्द्रनगरमा निर्माणाधीन रङ्गशाला**
कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा निर्माणाधीन अवस्थामा रहेको प्रदेश रङ्गशाला । प्रदेश गौरवको आयोजनाका रूपमा अघि बढाएर दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्नका लागि यो रङ्गशाला निर्माण गरिएको हो । *तस्बिर : हेमन्त केसी/रासस*

# एभरेस्टमा विद्यार्थी निर्माण समूह गठन

काठमाडौँ, १९ जेठ । नेपालको उच्च प्राविधिक शिक्षाको क्षेत्रमा स्नातक तथा स्नातकोत्तर तहका उत्कृष्ट इन्जिनियरिङ कार्यक्रम सञ्चालन गर्दै आएको एभरेस्ट इन्जिनियरिङ कलेजमा सोमबार आयोजित एक कार्यक्रममा अमेजन वेब सर्भिसअन्तर्गत विद्यार्थी निर्माण समूह (AWS SBG) गठन गरिएको छ ।

अमेजन वेब सर्भिसले क्लाउड कम्प्युटिङ, कृत्रिम बुद्धिमत्ता तथा मेसिन लर्निङ, साइबर सुरक्षा तथा अन्य नवीन प्रविधिहरूमा केन्द्रित रही कार्यशाला, सेमिनार, ह्याकाथन तथा प्रयोगात्मक सिकाइ सत्रहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ । यसबाट विद्यार्थीहरूले व्यावहारिक सीप तथा उद्योगसँग सम्बन्धित प्रत्यक्ष अनुभव प्राप्त गर्न सक्नेछन् ।

कार्यक्रममा कलेजका प्राचार्य प्रा. डा. हरिकृष्ण श्रेष्ठले विद्यार्थी निर्माण समूहका पदाधिकारीहरूलाई बधाई दिँदै उनीहरूले कक्षा समय बाहिर कार्यक्रम सञ्चालन गर्ने योजनाको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "कक्षा समयबाहिर सञ्चालन हुने विद्यार्थी कार्यक्रमहरूले नियमित शैक्षिक तथा अन्य अतिरिक्त क्रियाकलापहरूमा बाधा पुऱ्याउँदैनन् । यसले केवल रमाइलोका लागि मात्र समूहमा सहभागी हुन चाहनेहरूलाई छानेर बाहिर राख्छ र वास्तवमै सिक्न तथा सक्रिय रूपमा योगदान गर्न चाहने विद्यार्थीहरूलाई आकर्षित गर्छ । यसले विद्यार्थी निर्माण समूहको सफलता र दीगोपनामा समेत योगदान पुऱ्याउनेछ ।"

एभरेस्ट इन्जिनियरिङ कलेजका प्रमुख कार्यकारी अधिकृत अरुणकुमार भण्डारीले कार्यक्रममा उपस्थित विद्यार्थी निर्माण समूहका पदाधिकारी तथा विद्यार्थीहरूलाई कलेजले उक्त समूहका कार्यक्रमहरूलाई सम्भव भएसम्म पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

विद्यार्थी निर्माण समूहमार्फत विद्यार्थी सदस्यहरूले क्लाउड कम्प्युटिङसम्बन्धी अध्ययन सामग्रीमा पहुँच, कार्यशाला, वेबिनार तथा प्राविधिक कार्यक्रमहरूमा सहभागिता, व्यावसायिक सञ्जाल विस्तार गर्ने अवसर, अमेजन वेब सर्भिसका सेवाहरूबाट व्यावहारिक अनुभव, नेतृत्व विकास, अमेजन प्रमाणपत्रसम्बन्धी मार्गदर्शन तथा सम्बन्धित क्षेत्रका ह्याकाथन र प्रतियोगिताहरूमा सहभागी हुने अवसर प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

विद्यार्थी निर्माण समूहका कप्तान शिवराज पौडेलले कलेज प्रशासनप्रति धन्यवाद व्यक्त गर्दै कलेजका सम्पूर्ण विद्यार्थीहरूलाई विद्यार्थी निर्माण समूहका गतिविधिहरूबाट लाभ लिन आग्रह गर्नुभयो । एभरेस्ट इन्जिनियरिङ कलेजमा गठन गरिएको पाँच सदस्यीय विद्यार्थी निर्माण समूहमा शिवराज पौडेल, विश्वास नेपाल, सामिन थापा, पियुष चन्द र स्नेहा पौडेल रहेका छन् ।

विद्यार्थी निर्माण समूहले चालू शैक्षिक वर्षमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूको सूची तयार गरिसकेको छ । ती सबै कार्यक्रमहरू सहभागी विद्यार्थीहरूको ज्ञान, सीप तथा व्यावसायिक विकासलाई लक्षित गरी तयार गरिएको जनाइएको छ ।

# सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बिक्री र सेवन रोक्न निर्देशन

काभ्रेपलाञ्चोक, १९ जेठ । सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ बिक्री तथा सेवनमा रोक लगाउन काभ्रेपलाञ्चोकको स्थानीय तहलाई निर्देशन दिइएको छ ।

स्थानीय जनप्रतिनिधि सम्मिलित सोमबारको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा त्यससम्बन्धी नेपाल सरकारको कानुनी व्यवस्था कडाइका साथ लागू गर्न उक्त निर्देशन दिइएको हो ।


समितिले स्थानीय तहलाई आफ्नो क्षेत्रभित्रका सार्वजनिकस्थलको तत्कालै अनुगमन गरी तोकिएको स्थानभन्दा १०० मिटर वरिपरि सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउन भनेको हो । तोकिएको स्थानमा सुर्तीजन्य पदार्थको बिक्री तथा सेवन बन्द गराउने कार्य कडाइका साथ लागू गर्न जिल्लास्थित १३ वटै स्थानीय तहलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताउनुभयो ।

अधिकारीका अनुसार शिक्षण संस्था, स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय तथा नेपाल सरकारले तोकेका सार्वजनिकस्थलको वरिपरि सुर्तीजन्य पदार्थ बिक्री-वितरण गर्न नपाइने कानुनी व्यवस्था रहेको छ । जिल्ला प्रशासन कार्यालयले स्थानीय तहलाई त्यससम्बन्धी कानुनी व्यवस्थालाई कडाइका साथ लागू गर्न पत्राचारसमेत गरिसकेको प्रजिअ अधिकारीको भनाइ छ ।

जिल्लाको बेथानचोक गाउँपालिकाले सार्वजनिकस्थल वरिपरि सुर्तीजन्य पदार्थको बिक्री-वितरण र प्रयोगमा कडाइ गर्ने भएको छ । गाउँपालिकाद्वारा जारी सार्वजनिक सूचनामा सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने जनाइएको छ । यस्तै जिल्ला प्रशासन कार्यालय धुलिखेलबाट प्राप्त परिपत्रका आधारमा उक्त निर्णय कार्यान्वयनमा ल्याउन लागिएको सूचनामा उल्लेख गरिएको छ ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक तथा संवेदनशील क्षेत्रमा सुर्तीजन्य पदार्थ बिक्री-वितरण र प्रयोग नगर्न व्यापारी, व्यवसायी तथा सर्वसाधारणलाई अनुरोध गर्दै सूचनाको अवज्ञा गर्नेलाई प्रचलित कानुनअनुसार कारबाही गरिने सूचनामा भनिएको छ । ***रासस***

## हार्दिक श्रद्धाञ्जली



जन्म
२००१ साल

स्वर्गारोहण
२०८३/०२/१५

नेपाल क्रान्तिकारी किसान सङ्घका पूराना अग्रज किसान कार्यकर्ता **बेखानारायण महर्जन**को जेठ १५ गते असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना अर्पण गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
काठमाडौँ जिल्ला समिति
काठमाडौँ महानगर समिति
**नेपाल क्रान्तिकारी किसान सङ्घ**
जिल्ला समिति काठमाडौँ

# मङ्गलबार 'हिट एक्सन डे' मनाइयो

काठमाडौँ, १९ जेठ । मङ्गलबार विश्वभर पाँचौँ संस्करणको 'हिट एक्शन डे-२०२६' मनाइयो । अत्यधिक गर्मीको जोखिमबारे जनचेतना फैलाउने र गर्मीबाट सुरक्षित रहने उपायहरू साझा गर्ने उद्देश्यले यो दिवस मनाइन्छ ।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासङ्घ (आईएफआरसी) को आह्वानमा मनाइने यो दिवसको मुख्य विषयवस्तु 'इनडोर हिट' रहेको छ । दिवसमा घर, विद्यालय, कार्यस्थल तथा हेरचाह केन्द्रमा बढ्दो तापक्रमका कारण मानव स्वास्थ्यमा पर्ने जोखिमप्रति विशेष ध्यान केन्द्रित गरिएको छ ।

'हिट एक्शन डे' पहिलो पटक सन् २०२२ मा सुरु गरिएको थियो । त्यसयता रेडक्रस तथा रेडक्रिसेन्टका राष्ट्रिय संस्थाहरू, स्थानीय सरकार, समुदाय र साझेदार संस्थाहरूको सहभागितामा विश्वव्यापी रूपमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

जलवायु व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले जलवायु परिवर्तनले निम्त्याएको बढ्दो गर्मीबारे सुरक्षित रहने उपायहरू साझा गर्ने उद्देश्यले दिवस मनाउने गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "विश्वको औसत तापमान वृद्धि १.५ डिग्रीबाट बढ्दो र समुन्द्री सतहमा पनि तापक्रममा आएको परिवर्तनका कारण विकसित हुँदै एल निनोको प्रभावले नेपाललगायत एसियाली देशमा यस वर्षको मनसुनमा तापक्रम औसतभन्दा बढी हुने प्रक्षेपण गरिएको छ । तराईमा पुनः प्रि-मनसुन गतिविधिमा कमी आउने हुँदा वर्षा कम र गर्मी बढी हुने सम्भावना छ ।" ***रासस***

# पन्ध्रदिने 'बोटल आर्ट' तालिम सम्पन्न

## सीपलाई व्यवसायसँग जोड्नुपर्ने



भक्तपुर, १९ जेठ । उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुरको आयोजना एवं भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको सहकार्यमा सञ्चालित पन्ध्रदिने बोटल आर्ट (बोटल कला) तालिम उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद कुस्माको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि कुस्माले वाग्मती प्रदेश, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत यो सीप विकास तालिम सञ्चालन गरिएको जानकारी गराउँदै परम्परागत तालिमभन्दा फरक प्रकृतिको 'बोटल आर्ट' तालिम सफलतापूर्वक सम्पन्न गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "कार्यालयले मात्र कार्यक्रम गर्दा लक्षित वर्गसम्म पुग्न कठिन हुने भएकोले विभिन्न सङ्घ-संस्थाहरूसँग सहकार्य गरी विभिन्न तालिम गोष्ठी मेला महोत्सवहरूको आयोजना गर्दै आएका छौँ । यस कार्यक्रमको सफल संयोजनका लागि भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ परिवारप्रति आभार व्यक्त गर्दछु ।"

उद्योग तथा वाणिज्य कार्यालयका अधिकृत राजेन्द्र सुवेदीले सीप हासिल गर्नु नै अन्तिम उपलब्धि नभएको बताउनुभयो । उहाँले तालिमलाई प्रगतिको 'भऱ्याङ' सँग तुलना गर्दै भन्नुभयो, "तालिमले मार्गप्रशस्त गर्छ, तर माथि चढ्ने काम स्वयं व्यक्तिको हो । घरमै बसेर फुर्सदको समय सदुपयोग गरी निरन्तर अभ्यास गरेमा मात्र यसले आर्थिक लाभ दिन्छ ।"

सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले तालिमको सफल आयोजना र आगामी योजनाबारे बोल्दै यो तालिमले खेर गइरहेका शिशा बोटललाई पुनः प्रयोग गर्दा वातावरण प्रदर्शन पनि कम हुनुका साथै थोरै लगानीमा राम्रो प्रतिफल दिने व्यवसाय बन्ने कुरा बताउनुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले तालिमले सहभागीहरूको सृजनशीलता र आर्थिक पाटोमा पार्ने सकारात्मक प्रभावबारे चर्चा गर्नुभयो । विभिन्न सङ्घ संस्थाले दिने एकैखाले तालिमभन्दा भिन्न प्रकारको तालिम दिन उद्योग तथा वाणिज्य कार्यालयले सहकार्य गर्नुभएकोमा आभार व्यक्त गर्दै उहाँले हालै मात्र परम्परागत उद्योगलाई परम्परादेखि नवप्रवर्तन कार्यक्रम गरी सञ्चालनमा रहेको परम्परागत उद्योगको परम्परा यथावत राखी सो उद्योगलाई कसरी प्रविधिसँग जोडेर जीवन्त राख्न सकिन्छ भन्ने विषयमा संवाद कार्यक्रम सञ्चालन गरेको जानकारी गराउनुभयो ।

प्रशिक्षक उमेश नकर्मीले प्रशिक्षणको अनुभव र सहभागीहरूको उत्साहबारे जानकारी गराउँदै यो कला हस्तकलाअन्तर्गत पर्ने भएकोले जति बढी लगनशील भई अभ्यास गरियो त्यति राम्रो उत्पादन हुने यो एउटा उपहार दिन मिल्ने भएकोले बजारमा धेरै माग हुनुका साथै राम्रो कला भर्न सक्नेलाई विदेशमा समेत अवसर मिल्ने बताउनुभयो ।

प्रशिक्षार्थी करुणा कायस्थ तालिमले आफूहरूमा नयाँ आत्मविश्वास जगाएको सीप विकास र उद्यमीकरणलाई प्रोत्साहन गरेको बताउनुभयो ।

कार्यक्रममा सङ्घका सह-सचिव सुमित्रा श्रेष्ठले तालिमको औचित्य तथा सङ्घको उद्देश्यबारे चर्चा गर्नुभयो ।

# अदालतको फैसला यथाशीघ्र कार्यान्वयनमा जोड

काठमाडौँ, १९ जेठ । अदालतले गरेको आदेश/फैसला यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने विषयमा ध्यान दिनुपर्नेमा सरोकारवाला पक्षले जोड दिएका छन् । सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले आयोजना गरेको छलफलका वक्ताहरूले अदालतको आदेश/फैसला तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका हुन् ।

सर्वोच्च अदालतका रजिष्ट्रार मानबहादुर कार्कीले फैसला कार्यान्वयनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताउनुभयो । "सर्वोच्च अदालतले बोलेपछि आदेश/फैसलाको स्वतः कार्यान्वयन हुन्छ," उहाँले भन्नुभयो, "जिम्मेवार पदाधिकारीले अदालतको आदेश/फैसला देख्नैबित्तिकै कार्यान्वयन गर्ने तदरुकता देखाउनुपर्छ ।"

फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतले फैसला गर्ने बित्तिकै सम्बन्धित निकायमा पत्राचार गर्ने गरेको भए पनि तत्काल कार्यान्वयन गरिहाल्ने परिपाटी नभएको अनुभव सुनाउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्यसम्बन्धी हक संविधानको मौलिक हकमै समेटिएको विषय हो, स्वतः पालना गर्नुपर्छ, अदालतबाट फैसला हुँदा पनि कार्यान्वयनमा ढिलाइ हुने अवस्था आउनु दुःखद हो ।"

सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र नृपध्वज निरौलाले २०८१ मङ्सिर १७ गते गरेको फैसलामा मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्यालाई सम्बोधन गर्न र मानसिक स्वास्थ्यको संरक्षण र संवर्द्धन गर्न १२ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो ।

राष्ट्रिय मानसिक स्वास्थ्य नीति, २०५३ लाई परिमार्जन गर्दा मानसिक स्वास्थ्य शाखा स्थापना तथा स्थानीयस्तरमा जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयमा एकाइ/सम्पर्क व्यक्ति यथाशक्य चाँडो नियुक्ति गरी कार्य सञ्चालन गर्नु/गराउनु भनिएको थियो ।

मानसिक स्वास्थ्यका क्षेत्रमा एतिहासिक फैसला भए पनि कार्यान्वयनमा तदारुकता नदेखिँदा मानसिक स्वास्थ्य सेवाको प्रतिक्षामा बसेकाहरूले प्रभावकारी रूपमा उपचार पाउन सकेका छैनन् ।

## सङ्क्षिप्त समाचार

# बाघको आहारा प्रजातिको सर्वेक्षण सुरु

चितवन, १९ जेठ । चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा बाघको आहारा प्रजातिको सर्वेक्षण जेठ १ बाट सुरु गरिएको छ ।

नवलपरासीको त्रिवेणीदेखि रौतहटसम्म बाघ गणना भएका क्षेत्रमा ४०० ट्रान्जीट बनाएर आहारा प्रजातिको सर्वेक्षण गरिने चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले बताउनुभयो ।

बाघको आहारा प्रजातिमा जरायो, चित्तल, लगुना, रतुवा, गौरीगाई बँदेल, निलगाई र बाँदर पर्छन् ।

शुक्लाफाँटा, बाँके र बर्दियामा चौका र बाह्रसिङ्गेसमेत बाघको आहारा प्रजातिको रूपमा छन् । सर्वेक्षण सकेपछि दूरी छनोट विधिबाट आहारा प्रजातिको सङ्ख्या निकालिने उहाँले जानकारी दिनुभयो ।

निकुञ्जमा सर्वेक्षण सकिएसँगै अध्ययनको काम सुरु गरिने छ । यससँगै बाघकालागि आवश्यक आहारा प्रजाति जोगाउन के गर्न सकिन्छ भन्ने अध्ययनका लागि सहज बन्ने उहाँले जानकारी दिनुभयो । ***रासस***

# सुरक्षा संयन्त्रको अध्ययन समितिको म्याद थप गर्ने सरकारको निर्णय

काठमाडौँ, १९ जेठ । सरकारले गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले पेस गरेको प्रतिवेदनमा उल्लेखित सुरक्षा संयन्त्रको हकमा अध्ययन गर्न सिफारिस गर्न गठित अध्ययन समितिको कार्यावधि ४५ दिन थप गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को मङ्गलबारको बैठकले उक्त निर्णय गरेको शिक्षा तथा खेलकुदमन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बैठकले भूमि समस्या समाधान समितिको अध्यक्षमा बलभद्र बाँस्तोला ( कास्की) लाई नियुक्त गर्ने निर्णय गरेको छ । समितिको सदस्यहरूमा अमिरप्रसाद न्यौपाने (काठमाडौँ), पद्मिनी सोती (लमजुङ) र डा. रेहना श्रेष्ठ (काठमाडौँ) नियुक्त गरिएको जनाइएको छ ।

सरकारले संयुक्त राष्ट्रसङ्घ वातावरणीय कार्यक्रम (युएनइपी) बाट ओजन तहलाई हानि पुऱ्याउने पदार्थको व्यवस्थापन र न्यूनीकरणसम्बन्धी मोटेरल पोर्टोकलको कार्यान्वयनसम्बन्धी सम्झौता स्वीकृत गर्नेसमेत निर्णय गरिएको छ । बैठकले सशस्त्र प्रहरी नायब महानिरीक्षक अञ्जनीकुमार पोखरेललाई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको छ । ***रासस***

# ठगी गरेको अभियोगमा अमेरिकी डलरसहित चिकित्सक पक्राउ

चितवन, १९ जेठ । गैरकानुनी तवरले अभौतिक मुद्रा (क्रिप्टोकरेन्सी) को सञ्चय तथा कारोबार एवं डिजिटल माध्यमबाट ठगी गरेको अभियोगमा प्रहरीले २९ वर्षका डा. पप्पुकुमार यादवलाई ३० हजार अमेरिकी डलर र १७ थान मोबाइलसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार डा. यादव भरतपुर महानगरपालिका-१० चित्रसेन टोलको एकघरको कोठा भाडामा लिएर बस्दै आएका छन् । धनुषाको हंशपुर नगरपालिका-४ का स्थायी बसोबासी डा. यादवका बारेमा अनुसन्धान गर्दा उनी अवैध क्रिप्टोकरेन्सीको नेटवर्क चलाउँदै आएको बुझिएको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा निजको मोबाइल तथा अन्य विद्युतीय उपकरणका माध्यमबाट वाइनान्स र बाइविटजस्ता प्रतिबन्धित एप्लिकेसन प्रयोग गरी अभौतिक मुद्राको अवैध सञ्चय तथा कारोबार गरिरहेको फेलापरेको छ ।

भरतपुरको एक अस्पतालमा कार्यरत डाक्टर यादवले हालसम्म के-कति व्यक्तिबाट कति ठगी गरे भन्नेबारेमा स्रोत खुल्दै गएको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्रभुषण यादवले जानकारी दिनुभयो । ***रासस***

# वीरगञ्ज नाकाबाट करिब आठ अर्बको दलहन आयात

वीरगञ्ज (पर्सा), १९ जेठ । चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज नाका हुँदै रु. सात अर्ब ९७ करोड बराबरको दलहन आयात भएको छ । यहाँबाट विभिन्न सात प्रकारका दलहन नेपाल आयात गरिएको हो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाकाबाट हुने आयातमा मूल्यको आधारमा रु. दुई अर्ब २४ करोड अर्थात् २२ प्रतिशतले गिरावट आएको छ । जबकि गत आवको १० महिनामा यहाँबाट रु. १० अर्ब २१ करोड मूल्यका दलहन आयात गरिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा मूल्यको आधारमा दलहनको आयात २२ प्रतिशतले कमी आएको बताउनुभयो । उहाँका यस अवधिमा रु. तीन अर्ब २० करोड मूल्य पर्ने मुसुरोको दाल आयात भएकामा गत आवको १० महिनामा रु. चार अर्ब ५० करोडको मुसुरो दाल आयात भएको थियो ।

यसैगरी, चालु आवका १० महिनामा रु. दुई अर्ब चार करोड मूल्य पर्ने सिमी/राजमा आयात भएको छ । गत वर्ष सोही अवधिमा भने रु. दुई अर्ब ७४ करोडको सिमी/राजमा आयात भएको थियो । चालु आवको १० महिनामा रु. एक अर्ब ९२ करोड मूल्यको चना आयात भएको छ भने गत आवको सोही अवधिमा भने रु. दुई अर्ब १७ करोडको आयात भएको थियो ।

चालु आवको १० महिनामा रु. ४२ करोड मूल्यको अन्य गेडागुडी आयात भएको छ भने गत आवको सोही अवधिमा रु. ४५ करोड ८८ लाखको आयात भएको सूचना अधिकारी विष्टले जानकारी दिनुभयो । ***रासस***



**सदरमुकाम सल्लेरी बजार**

सगरमाथा क्षेत्रको प्रवेशद्वार तथा प्रशासनिक, व्यापारिक एवं पर्यटकीय गतिविधिको प्रमुख केन्द्र सोलुखुम्बु जिल्लाको सदरमुकाम सल्लेरी बजार र आसपासको क्षेत्र । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# जातीय विभेदको बढ्दो त्रासदी

**राजेश विद्रोही**

काठमाडौँ, १९ जेठ । सिन्धुलीका श्रीकृष्ण विकको हिरासतभित्र भएको मृत्युले सडक, सदन, सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म गम्भीर बहस जन्माएको छ । आफूले मन पराएकी कथित उच्च जातकी युवतीसँग अन्तरजातीय विवाह गरेपछि उनीमाथि युवती पक्षले उमेर नपुगेको आधार देखाउँदै बालविवाह र बलात्कारसम्बन्धी मुद्दा दर्ता गरायो । त्यसपछि प्रहरीले उनलाई ललितपुरबाट पक्राउ गरी खुर्कोट प्रहरी चौकी पुऱ्यायो । जहाँ हिरासतमै उनको मृत्यु भयो । प्रहरीले घटनालाई आत्महत्या भने पनि परिवार, स्थानीयवासी र अधिकारकर्मीहरूले प्रहरी यातना वा योजनाबद्ध हत्याको आशङ्का व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरिरहेका छन् । घटनापछि व्यापक विरोध र प्रश्न उठे पनि अहिलेसम्म न उच्चस्तरीय छानबिन समिति गठन भएको छ न अनुसन्धान प्रक्रियाले स्पष्ट दिशा लिएको देखिन्छ । यसले राज्य संयन्त्रको संवेदनशीलता, प्रहरी प्रशासनको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वासमाथि गम्भीर प्रश्न खडा गरेको छ । श्रीकृष्ण विकको मृत्यु केवल एक व्यक्तिको मृत्यु होइन, यसले सिङ्गो प्रेम र अन्तरजातीय विवाहप्रति समाजमा रहेको विभेदकारी दृष्टिकोण, दलित समुदायमाथिको संरचनात्मक हिंसा र कानुनी प्रक्रियाको सम्भावित दुरूपयोगलाई उजागर गरेको छ ।

नेपालमा पछिल्ला वर्षहरूमा अन्तरजातीय प्रेम र विवाह, विशेष गरी दलित-गैरदलित सम्बन्ध-सामाजिक तनाव र कानुनी विवादको विषय बन्दै गएको छ । जात नमिलेपछि सम्बन्धलाई बलात्कारको मुद्दामा रूपान्तरण गर्ने, उमेर नपुगेको आधारमा बालविवाहको अभियोग लगाउने र सहमतिमा भएको सम्बन्धलाई समेत अपराधीकरण गर्ने प्रवृत्ति बढ्दो छ । परिवार र समाजले सम्बन्ध स्वीकार नगर्दा कानुनी आरोपलाई सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग गरिएका अनेक उदाहरण छन् । रुकुम पश्चिम सोती हत्या घटनामा नवराज विकसहित छ जना युवाको हत्या अन्तरजातीय प्रेमकै कारण थियो । सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको घटनामा उमेर पुगेपछि गरिएको प्रेमविवाहलाई समेत परिवार र प्रशासनिक प्रभाव प्रयोग गरेर अपराधीकरण गरियो । युवतीको उमेर कम देखाउने फर्जी जन्मदर्ता तयार गरी अपहरण, बलात्कार र बालविवाहका मुद्दा दर्ता गरिएपछि सत्येन्द्रलाई भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

यस्तै, सप्तरीको मनोज राम र बबिता इसरको घटनामा पनि जातीय पृष्ठभूमि र उमेरलाई आधार बनाएर सम्बन्ध तोड्ने प्रयास भएको थियो । सप्तरीकै ज्योति पासवान बाहुन युवकसँग प्रेमविवाह गर्दा जातकै कारण परिवारले नस्वीकार्दा र मानसिक यातना पाउँदा आत्महत्या गरिन् । सिरहाकी रिङ्कु सदा, रौतहटका विजयराम महरा, धनुषाका शम्भु सदा र पल्टु रविदासजस्ता घटनाहरू जातीय विभेद, सामाजिक पूर्वाग्रह र प्रशासनिक कमजोरीको कठोर वास्तविकता उजागर गरेका छन् । मधेसका सिरहा, सप्तरी, धनुषा र रौतहटलगायत जिल्लामा दलित युवकले कथित गैरदलित युवतीसँग भागी विवाह गर्दा अपहरण, बलात्कार, बालविवाह र ज्यान मार्ने उद्योगजस्ता मुद्दा दर्ता गराउने प्रवृत्ति बढेको छ । धेरै घटनामा युवतीको सहमतिपूर्ण सम्बन्धलाई समेत परिवार र समाजको जातीय दबाबका कारण अपराधीकरण गरिएको छ । यसरी दलित युवाले प्रेम गरेकै कारण किन बारम्बार हिंसा, पक्राउ र मृत्युको सामना गर्नुपरेको छ ?

पछिल्ला वर्षहरूमा हिरासतभित्र मृत्यु भएका धेरै व्यक्तिहरू आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायकै छन् । इन्सेकको प्रतिवेदनअनुसार एक वर्षमा ८८ जनाको प्रहरी हिरासतमा मृत्यु हुने गरेको छ । यसमा ५२ प्रतिशत दलित सिमान्तकृत समुदायकै हुन्छन्, जसमध्ये प्रहरी प्रतिवेदनले ५६ प्रतिशत आत्महत्या भनिएको छ । यसरी धेरै घटनालाई आत्महत्या भन्दै निष्कर्ष निकाल्ने प्रवृत्तिले राज्यप्रतिको अविश्वास झन् गहिरो बनाएको छ । दलित महिला सङ्घका अनुसार अन्तरजातीय विवाह गरेका ३१.७ प्रतिशत जोडीले विभिन्न कानुनी तथा सामाजिक प्रताडना भोग्नुपरेको छ । विशेष गरी दलित पुरुष-गैरदलित महिला सम्बन्धमा अपहरण, बलात्कार र बालविवाहका उजुरी दर्ता गरिने प्रवृत्ति बढी देखिएको उल्लेख छ । अन्तरजातीय प्रेमलाई अझै पनि नेपाली समाजका धेरै हिस्साले व्यक्तिगत अधिकारका रूपमा स्वीकार गर्न सकेका छैनन् । दलित युवाले गैरदलित युवतीसँग प्रेम गर्दा कानुनी मुद्दा, सामाजिक आक्रमण र हिरासतको जोखिम झेल्नुपर्छ भने दलित युवतीहरूले बहिष्कार, अपमान र मानसिक हिंसा सहनुपरेको छ । राज्यले एकातिर अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति ल्याउँछ, अर्कोतर्फ त्यही कारण हिंसामा परेकाहरूलाई न्याय दिन भने असफल देखिन्छ ।

नेपालको संविधानले समानता, स्वतन्त्रता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ । कानुनले अन्तरजातीय विवाहलाई वैध मानेको छ । तर, व्यवहारमा समाज अझै पनि जात, वर्ग, पितृसत्ता र परिवारको इज्जत भन्ने पुरानो मानसिकताबाट मुक्त हुन सकेको छैन । महिलाको स्वतन्त्र निर्णयलाई परिवारको नियन्त्रणभन्दा बाहिर स्वीकार गर्न नसक्ने सोचले प्रेम सम्बन्धलाई सामाजिक अपराधजस्तो बनाइदिएको छ । नेपालमा विवाहका लागि महिला र पुरुष दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । बालविवाह रोक्न यो कानुनी व्यवस्था आवश्यक भए पनि कतिपय अवस्थामा यही कानुन प्रेम सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग भइरहेको छ । विशेषगरी अन्तरजातीय सम्बन्धमा युवतीका परिवारले नाबालिगको आधार देखाएर युवकविरुद्ध बलात्कार वा बालविवाहको उजुरी दिने क्रम बढेको छ । सहमतिमा भएको सम्बन्धलाई सामाजिक दबाबका कारण जबरजस्ती करणीको रूपमा व्याख्या गरिँदा कानुनको मूल उद्देश्य नै कमजोर बन्दै गएको छ ।

युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को २०२४ को अध्ययनअनुसार नेपालमा करिब ५० लाख महिलाले बालविवाहको अनुभव गरिसकेका छन् भने १३ लाखभन्दा बढी बालिका १५ वर्षअघि नै विवाहमा बाँधिएका छन् । नेपाल विश्वमै बालविवाहको उच्चदर भएका देशमध्ये पर्छ । अध्ययनहरूले ३३ प्रतिशत बालिका र ९ प्रतिशत बालक १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको देखाएका छन् । कोभिड महामारीपछि बालविवाहको दर अझ बढेको तथ्याङ्क पनि सार्वजनिक भएका छन् । तर विडम्बना के छ भने वास्तविक बालविवाहका घटनामा राज्य संयन्त्र कमजोर देखिन्छ । जबकि अन्तरजातीय सम्बन्धका घटनामा कानुनको प्रयोग अस्वाभाविक रूपमा तीव्र हुने गरेको आरोप बढ्दो छ । अर्कोतर्फ, नेपालमा यौन हिंसाका वास्तविक घटना पनि गम्भीर सामाजिक सङ्कटका रूपमा रहेका छन् । आर्थिक वर्ष २०७५/७६ देखि पाँच वर्षको अवधिमा ११ हजार सात सयभन्दा बढी बलात्कारका घटना दर्ता भएका थिए । औसतमा दैनिक सातभन्दा बढी महिला बलात्कारको सिकार भएका छन् । १० वर्षमुनिका सयौं बालिकासमेत पीडित रहेको तथ्याङ्कले अवस्था झन् भयावह देखाउँछ । त्यसैले वास्तविक बलात्कार र जबरजस्ती करणीका घटनालाई कमजोर बनाउने गरी संवेदनशील कानुनको दुरूपयोग हुनु झन् खतरनाक पक्ष हो ।

नेपालको ग्रामीण समाजमा अझै पनि जातीय शुद्धताको सोच बलियो छ । दलित युवकले कथित उच्च जातकी युवतीसँग विवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा गुम्ने भयले हिंसा, धम्की र झूटा मुद्दासम्मको सहारा लिने प्रवृत्ति देखिन्छ । कतिपय घटनामा युवतीलाई घरमै नजरबन्द गर्ने, युवकलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने वा प्रहरी प्रशासन प्रयोग गरेर सम्बन्ध छुट्याउने प्रयास गरिन्छ । अझ गम्भीर पक्ष के छ भने यस्ता घटनाको छानबिन गर्ने संयन्त्रहरूमा पनि प्रभावशाली पक्षकै दबाब देखिने गरेको आरोप बारम्बार उठ्ने गरेको छ । यद्यपि, वास्तविक बालविवाह र जबरजस्ती करणीका घटनालाई कम आँक्न मिल्दैन । गरिबी, अशिक्षा, लैङ्गिक विभेद, दाइजो प्रथा र सामाजिक असुरक्षाले बालविवाहलाई अझै बढावा दिइरहेका छन् । किशोरी गर्भावस्था पनि ठुलो चुनौती बनेको छ । अध्ययनअनुसार कर्णाली प्रदेशमा किशोरी गर्भावस्था २१ प्रतिशतसम्म पुगेको छ । त्यसैले समाधान कानुनको दुरूपयोगमा होइन, न्यायपूर्ण कार्यान्वयन र सामाजिक चेतनाको विकासमा खोजिनुपर्छ ।

सहमतिमा रहेका वयस्कबिचको सम्बन्धलाई जातका आधारमा अपराधीकरण गर्नु मानव अधिकारविरुद्धको अभ्यास हो । कानुनले वास्तविक हिंसा र जबरजस्तीलाई दण्डित गर्नुपर्छ, प्रेमलाई होइन । प्रहरी प्रशासनले सामाजिक दबाबभन्दा प्रमाण, सहमति र संवैधानिक अधिकारका आधारमा अनुसन्धान गर्ने संस्कार विकास गर्न आवश्यक छ । राज्यले अन्तरजातीय विवाहलाई केवल प्रोत्साहन कार्यक्रमको रूपमा होइन, सामाजिक न्याय र समानताको प्रश्नका रूपमा हेर्नुपर्छ । आज नेपालमा प्रश्न केवल प्रेमको होइन, नागरिक स्वतन्त्रता, जात व्यवस्था र कानुनी न्यायको पनि हो । यदि एक जना युवाले आफ्नो जीवनसाथी रोज्ने अधिकार प्रयोग गर्दा जातका कारण बलात्कार वा बालविवाहको अभियोग भोग्नुपर्छ भने त्यो लोकतान्त्रिक समाजको गम्भीर असफलता हो । जातीय विभेदको अन्त्य संविधान लेखेर मात्र हुँदैन, समाजले प्रेमलाई अपराध होइन, अधिकारका रूपमा स्वीकारेपछि मात्रै सम्भव हुन्छ । यसलाई राज्यले एउटा अभियानकै रूपमा अगाडि बढाउनुपर्छ । जसले मात्र विभेदरहित सामाजिक एकरूपतासहितको मानवीय समाजको स्थापना गर्न सकिन्छ । जो आजको युगको आवश्यकता हो । ***(रासस)***

। सम्पादकीय ।

# रासायनिक मल सर्वसुलभ हुन आवश्यक

नेपाल कृषिप्रधान देशको रूपमा परिचित छ । तर, कृषिप्रधान देशलाई सरकारले वास्ता गरेको छैन । सरकारले राष्ट्रिय दलहरूको घोषणापत्रका साझा पक्षलाई आधार मानेर सार्वजनिक गरेको १८ बुँदे प्रतिबद्धतामध्ये 'कृषि पेसाको सम्मान र आत्मनिर्भरता' भनी विशेष महत्त्व दिइएको जस्ता आकर्षक नारा तयार गरियो । कृषि प्रधान देशमा अहिलेसम्म रासायनिक मल कारखाना छैन; मल कारखाना खोल्नेतर्फ सरकारको ध्यान गएको देखिँदैन । मल कारखाना नखोलुञ्जेल कमसेकम खेतीपातीको समयमा पर्याप्त रासायनिक मल आयात हुनुपर्छ । खेतीपातीको समयमा जहिले पनि मलको हाहाकार हुन्छ । अहिले रोपाइँ नजिकिँदै छ । रोपाइँको र तरकारी बालीको लागि रासायनिक मल आवश्यक हुन्छ । रोपाइँको लागि अहिले नै रासायनिक मल बजारमा पर्याप्त उपलब्ध हुनुपर्छ । तर, अहिले पनि मलको कमी छ । सरकारले समयमै मल ल्याउनुपर्छ । सरकारले मलको समेत राम्ररी व्यवस्था गर्न सकेन; देशभर सर्वसुलभ मल आपूर्ति भएन । के यो सरकारको कमजोरी होइन ? के यो कृषकप्रति सरकारको बेवास्ता होइन ?

चालू आर्थिक वर्षभन्दा कृषिमा कम बजेट राखेर कृषि पेसाको कसरी सम्मान हुन्छ ? देशमा खाद्यान्नमा कसरी आत्मनिर्भर हुन्छ ? कृषि उत्पादन बढाउन रासायनिक मल समयमै उपलब्ध हुनुपर्छ; नयाँ नयाँ बीउ तयार गर्नुपर्छ; सिँचाइको निम्ति प्रशस्त बजेट छुट्याउनुपर्छ । तर, चालू आवमा भन्दा झन्डै ११ अर्ब कृषिमा बजेट घटेको छ । रासायनिक मल सस्तो र सर्वसुलभ भएमा, नयाँ नयाँ बीउबिजन तयार गरिएमा, जिल्ला जिल्लामा सिँचाइको व्यवस्था भएमा, कृषिऔजार सस्तोमा उपलब्ध भएमा, चिस्यान केन्द्रको व्यवस्थापन भएमा, कृषि योग्य भूमि बाँझो नराखेमा, कृषिको लागि पर्याप्त बजेट भएमा कृषि उत्पादन बढ्छ । कृषि उत्पादन बढ्नुको अर्थ खाद्यान्नमा आत्मनिर्भरमा सहयोग पुग्नु हो । गाउँ-बस्तीमा खेतबारी छ तर युवाहरूको विदेश पलायनले खेती गर्ने मान्छे छैन । विद्यालय र शिक्षक छन् तर पढ्ने विद्यार्थी छैनन् । कृषि पेसा नयाँ पुस्ताको लागि आकर्षक बन्न सकेको छैन ।

देशमा कृषि अनुसन्धानको लागि आवश्यकताअनुसार कृषि विश्वविद्यालय जरुरी हुन्छ । कृषि पेसालाई वैज्ञानिकीकरण गर्न सरकार लाग्नुपर्छ । कृषिऔजार कारखाना कृषकहरूको आवश्यकताअनुसार हुनुपर्छ र कृषिऔजार पनि पर्याप्त उत्पादन गर्नुपर्छ । बाँझो राखिएको जग्गा उपयोग गरिनुपर्छ । प्राङ्गारिक मललाई सरकारले बढावा दिनुपर्छ । कृषि केवल आर्थिक क्षेत्र होइन यो खाद्य सुरक्षा र राष्ट्रिय आत्मनिर्भरताको आधार हो । कृषि सुधारको प्रतिबद्धता कागजमा होइन बजेटमा देखिनुपर्छ । आत्मनिर्भर कृषि अर्थतन्त्र नै राष्ट्रिय आधार हो । कृषिमा पुग्दो बजेट नराखी खाद्यान्न आत्मनिर्भर सम्भव छैन । जहिलेसम्म कृषिमा विकास हुँदैन तहिलेसम्म देशमा कृषि उत्पादन कमी भइरहन्छ । विगतमा नेकाको नेतृत्वमा बनेको सरकारले त कृषि पेसालाई वास्ता गरेन । माओवादी, एकीकृत समाजवादी, एमालेको नेतृत्वमा पटक पटक सरकार गठन भए पनि खासै कुनै उपलब्धि भएन । कृषि पेसालाई सरकारको यति बेवास्ता किन ? विगतदेखि हालसम्मको सरकारको मूल्याङ्कन गर्दा सरकारले कृषिमा बेवास्ता गरेको छ; बजेट कम राखेको छ । खाद्यान्नमा आत्मनिर्भर भएको भए देशको अर्बौं रकम बच्थ्यो; बचेको रकमले अर्कै उद्योगधन्दा खोलेर विकास गर्ने आधार बनाउन सक्थ्यो ।

# जब पेन्सिल नै तरबार बन्यो

✍ लिली सान्चेज

सन् २०२० मा, क्युवाको शिक्षा प्रणालीको 'पटक-पटक' प्रशंसा गरेको इतिहासलाई लिएर डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार सिनेटर बर्नी स्यान्डर्समाथि मिडियाले कडा प्रश्न प्रहार गरेको थियो । साउथ क्यारोलिनाको चार्ल्सटनमा आयोजित प्राइमरी बहसमा जब क्युवाको प्रसङ्ग उठ्यो, तब भिडका केही मानिसहरूले स्यान्डर्सको हुटिङ गरेर विरोध गरे, "साँच्चै हो ? साँच्चै ?" स्यान्डर्सले दर्शकहरूलाई सोधे, "के साक्षरता कार्यक्रमहरू नराम्रा हुन्छन् ?"

आज क्युवामा समाजवाद एकदमै नाजुक अवस्थामा छ । विगत दुई वर्षमा मात्रै यस टापु राष्ट्रले पर्यटनमा तीव्र गिरावट, बारम्बारको लोडसेडिङ र ऊर्जा सङ्कट, अनियन्त्रित मुद्रास्फीति, तथा कुल गार्हस्थ उत्पादनमा भयानक सङ्कुचन बेहोरेको छ । परिस्थितिलाई थप बिगार्नका लागि, क्युवाली मूलका अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई पदच्युत गर्ने वासिङटनको सफल अभियानपछि क्युवामा पनि सत्ता परिवर्तन गराउने आफ्नो योजनालाई लुकाएका छैनन् ।

क्युबाका युवाहरूले क्रान्तिलाई कसरी आकार दिए भन्ने कथा समाजवादको इतिहासका लागि मात्र महत्त्वपूर्ण छैन। यसले हाम्रो समाजले युवाहरूतर्फ कसरी फरक र अझ बढी सहयोगी ढङ्गले आफ्नो ध्यान केन्द्रित गर्न सक्छ भन्ने कुरामा पनि प्रकाश पार्छ।

लिली सान्चेज



तर, क्युवाली क्रान्तिका तमाम परीक्षाहरूका बाबजुद, यसका विजयहरूलाई बिर्सनु हुँदैन । अनन्तजस्तो देखिने आर्थिक सङ्कटका बाबजुद, क्युवाको जनसङ्ख्या अझै पनि विश्वमै सबैभन्दा बढी शिक्षितमध्ये एक हो । यसको सम्पूर्ण श्रेय क्युवाको सन् १९६१ को साक्षरता अभियानलाई जान्छ, जुन बीसौं शताब्दीका सबैभन्दा कम चर्चा गरिएका (वा ओझेलमा परेका) उपलब्धिहरूमध्ये एक हो ।

आठ महिनाको अवधिमा, १० देखि १९ वर्ष उमेरका एक लाख युवाहरूले एउटा यस्तो कार्यक्रमको हिस्साका रूपमा ग्रामीण इलाकामा बसेर काम गर्ने स्वेच्छिक निर्णय लिए, जसले देशभरका कुल सात लाख मानिसहरूलाई प्राथमिक तहको लेखपढ गर्न सिकाउनेवाला थियो । यस अभियानले सहरी क्षेत्रमा पढाउनका लागि साना सङ्ख्यामा युवाहरूलाई पनि खटाएको थियो, जसले टापु राष्ट्रबाट निरक्षरतालाई पूर्ण रूपमा उन्मूलन गरिदियो ।

यस अभियानको ४० वर्षभन्दा बढी समयपछि स्मरण गर्दै, मध्यमवर्गीय १७ वर्षको उमेरमा ग्रामीण क्षेत्रका वयस्कहरूलाई पढाउन हवानास्थित आफ्नो घर छोडेकी ग्लाडिस बर्मेलो लास्त्राले यसलाई 'मानवताको विजय' भनिन् । यो एउटा नव-समाजवादी समाजको निर्माणमा बहुजातीय, सहरी-ग्रामीण र लैङ्गिक ऐक्यबद्धता कस्तो हुन्छ भन्ने कुराको प्रदर्शन थियो । एउटा यस्तो समाज, जसले अमेरिकी समर्थन प्राप्त शक्तिहरूका तर्फबाट हुने हिंसात्मक आक्रमणविरुद्ध एकैसाथ रक्षासमेत गर्नु परेको थियो ।

ती (प्रतिक्रान्तिकारी) शक्तिहरूले कैयौं युवा स्वयम्सेवकहरूको हत्या गर्न सफल भए, जसलाई ग्रामीण क्षेत्रमा अक्सर 'कोनराडो बेनिटेज ब्रिगेड' भनेर चिनिन्थ्यो । यो नाम जसको स्मृतिमा राखिएको थियो, ती बेनिटेज एस्कामब्रे पर्वतमालामा साक्षरता अभियानमा काम गरिरहेका थिए, जब सन् १९६१ मा मात्र अठार वर्षको उमेरमा उनको हत्या गरियो ।

प्रतिक्रान्तिकारीहरूको त्यो खतरा र त्यसका साथै घरमा पानीको आपूर्ति वा बिजुली नभएका र खाद्य सामग्रीको चरम अभाव भएका ठाउँहरूमा काम गर्ने चुनौतीहरूले युवाहरूलाई झन् बलियो र दृढ बनाउने काम गऱ्यो । वयस्क भइसकेपछि, धेरै सहभागीहरूले यस अनुभवलाई आफ्नो जीवनको पूर्ण रूपान्तरणको क्षणका रूपमा स्मरण गरे ।

यस अभियानमा भाग लिने महिलाहरूको कथालाई उजागर गर्ने डकुमेन्ट्री फिल्म 'मेस्त्रा' (Maestra) का लागि अन्तर्वार्ता दिने सय जना पूर्वसहभागीहरूमध्येकी एक फ्लेरिडा स्टुअर्टले भनिन्, "मैले मेरो जीवनमा गरेको सबैभन्दा राम्रो काम नै यही साक्षरता अभियान थियो ।" त्यसै समूहकी अर्की एक स्वयम्सेवकले भनिन्, "म बाह्र वर्षकी थिएँ र त्यतिबेला मलाई यो कुरा इतिहास बन्नेछ भन्ने अलिकति पनि हेक्का थिएन । मलाई त केवल म केही राम्रो काम गर्दै छु र अरूका लागि केही योगदान दिँदै छु भन्ने मात्र महसुस भएको थियो । केही मानिसहरूले हाम्रो रक्षा र समर्थन गर्नका लागि आफ्नो ज्यान जोखिममा हालेका थिए भन्ने कुरा म कहिल्यै बिर्सने छैन, किनकि त्यो समय खतरनाक थियो । आफूसँग भएको कुरा अरू सँग बाँड्नुले तपाईंलाई एक असल मानिस बनाउँछ ।"

अन्तर्वार्ता दिने अर्की सहभागी, एस्तर पेरेजले भनिन्, "हाम्रो देश हाम्रो आँखा अगाडि बदलिँदै थियो । अब युवाहरूलाई एउटा यस्तो रूपान्तरणमा सहभागी हुन आह्वान गरिँदै थियो जुन दूरगामी र ऐतिहासिक थियो भन्ने हामीलाई थाहा थियो : त्यो थियो दीर्घकालिन निरक्षरता उन्मूलन गर्नु । यो आफैंमा एउटा ठुलो लक्ष्य त थियो नै, तर यसका साथै यो हामीले आफ्नै प्रयासबाट देशलाई दिन सक्ने नयाँ दिशाको प्रतीक पनि थियो । यो भूतकालसँगको एक आमूल विच्छेद थियो र त्योभन्दा पनि धेरै केही थियो ।"

अर्की एक पूर्वसहभागीले भनिन्, "त्यो उमेरमा, कोसँग दिनका लागि एक वर्ष हुँदैन र ? यो एउटा उत्कृष्ट विचार थियो र यसले वीरतापूर्ण एवं परोपकारी कार्यहरूमा भाग लिन उत्सुक युवाहरूको मनमा गहिरो जरा गाड्यो । क्रान्तिले हामी प्रत्येकलाई एक सच्चा व्यक्तिको रूपमा उभिने र परिपक्व पुरुष तथा महिला बन्ने अवसर दियो । युवाहरूलाई ठुला कार्यहरू र महान् कामहरूको आवश्यकता पर्दछ जसले उनीहरूको व्यक्तित्व विकास गरोस् ।"



साक्षरता अभियानकै वर्ष, क्युवाले आफ्ना निजी विद्यालयहरूलाई राष्ट्रियकरण गऱ्यो र पूर्ण रूपमा सरकारी लगानी भएको, उच्च गुणस्तरको सर्वव्यापी शिक्षा प्रणालीको विकास गऱ्यो, जसका लागि आज यो विश्वभर चिनिन्छ । लामो समयदेखि शिक्षा क्षेत्रमा कलम चलाउँदै आएका लेखक एवं अभियन्ता जोनाथन कोजोलले सन् १९७८ मा प्रकाशित आफ्नो पुस्तक 'चिल्ड्रेन अफ द रिभोल्युसन : ए याङ्की टिचर इन द क्युवन स्कुल्स' मा क्युवाको विद्यालय प्रणालीको प्रशंसा गरेका थिए । यो पुस्तक उनले सन् १९७० को दशकमा त्यहाँका शिक्षक र विद्यार्थीहरूसँग अन्तर्वार्ता लिन टापुको गरेको दुईवटा भ्रमणमा आधारित थियो । उनले लेखेका थिए, "क्युवाली विद्यालयहरू भित्र, आफू कुनै उद्देश्यका लागि काम गरिरहेको छ भन्ने भावना पाइन्छ । त्यो उद्देश्य व्यक्तिगत पुरस्कारको स्वार्थी आनन्दभन्दा धेरै गहिरो र धेरै महत्त्वपूर्ण छ ।"

सन् १९६० मा फिडेल क्यास्ट्रोले संयुक्त राष्ट्रसङ्घको भाषणमा घोषणा गरेको यो साक्षरता अभियान क्यास्ट्रो र चे ग्वेभाराको नेतृत्वमा रहेको क्रान्तिकारी सेनाको शैक्षिक प्रयासहरूको एक स्वाभाविक प्रतिफल थियो । यी दुवै नेता मध्यमवर्गीय पृष्ठभूमिबाट आएका थिए र उनीहरूले क्रमशः कानुन र चिकित्सा शास्त्र (डाक्टर) को अध्ययन गरेका थिए । फुल्गेन्सियो बाटिस्टालाई सत्ताच्युत गर्ने लडाइँका क्रममा, उनीहरूले किसान योद्धाहरूलाई लेखपढ गर्न सिकाउनका लागि विद्यालयहरू स्थापना गरेका थिए । एक पूर्वब्रिगादिस्ता (स्वयम्सेवक) ले झन्डै ५० वर्षपछि स्मरण गर्दै भनिन्, "म १६ वर्षकी थिएँ । फिडेलले एक भाषणमा भनेका थिए कि युद्धको समयमा सिएरा मायस्त्रा पर्वतमालामा जे गरिएको थियो, त्यसैको निरन्तरता स्वरूप साक्षरता अभियान सञ्चालन गरिनेछ । उनले त्यो कामका लागि स्वयम्सेवक शिक्षकहरूको आवश्यकता रहेको र यो मिनास डेल फ्रिओबाट सुरु हुने बताएका थिए । म घरमै थिएँ । त्यहीं, त्यतिबेलै मैले भनें, जतिसक्दो चाँडो नाम दर्ता गर्न पाइन्छ, म यसमा सामेल हुन्छु ।"

बाह्र वर्षको उमेरमा ब्रिगादिस्ता बनेका र पछि शिक्षाशास्त्रका प्राध्यापक भएका सर्जियो बालेस्तर पेद्रोले पनि यस्तै उत्साह स्मरण गरे, "यदि मैले हतियार उठाएर क्रान्तिको रक्षा गर्न सक्दिनँ थिएँ भने, म पेन्सिल लिएर जाँदै थिएँ । म अभियानमा ढिलो गरी जोडिएँ । आमाको सहमति नभए पनि, मेरो बुबाले मेरो सहमति पत्रमा हस्ताक्षर गरिदिनुभएको थियो ।"

साक्षरता अभियानका क्रममा विकास गरिएको शिक्षण विधिलाई पछि दर्जनभन्दा बढी अन्य देशहरूमा पनि पुऱ्याइयो । तर, क्युवाको साक्षरता विस्तार यसको प्रभावशाली अन्तर्राष्ट्रवादको

बाँकी पृष्ठ ५ मा

# ट्रम्पको इरान युद्ध : सामाज्यहरू पतन गराउने सैन्य दुस्साहस – २

✍ अल्फ्रेड डब्लु. म्याककोय

अक्टोबर २९ मा, फूर्तिला जनरल मोशे दयानको नेतृत्वमा इजरायली सेनाले सिनाई प्राय:द्वीपमाथि धावा बोल्यो, इजिप्टका ट्याङ्कहरू ध्वस्त पार्दै आफ्ना सैनिकहरूलाई नहरको १० माइल नजिक पुऱ्यायो । त्यही लडाइँलाई आफ्नो हस्तक्षेपको बहाना बनाउँदै (कथित रूपमा शान्ति पुनर्बहालीका लागि), मात्र तीन दिनमा छ वटा एङ्ग्लो-फ्रेन्च विमानवाहक जहाजहरूको बेडाले इजिप्टको वायुसेनालाई तहसनहस पारिदियो । उनीहरूले इजिप्टका नयाँ १०४ वटा सोभियत मिग (MIG) जेट फाइटर र थप १३० वटा विमानहरू नष्ट गरे ।

इजिप्टका रणनीतिक बलहरू ध्वस्त भएपछि र त्यो साम्राज्यवादी शक्तिको अगाडि आफ्नो सेना लगभग असहाय बनेपछि, नासेरले एउटा भू-राजनीतिक रणनीति अपनाए जुन आफ्नो सरलतामा निकै चतुर थियो । उनले ढुङ्गाले भरिएका दर्जनौँ पुराना मालवाहक जहाजहरूलाई नहरको उत्तरी प्रवेशद्वारमा डुबाइदिए । यसले विश्वको एक प्रमुख सामुद्रिक नाकालाई तुरुन्तै बन्द गरिदियो र युरोपको पर्सियन खाडीसँगको तेल आपूर्ति मार्ग विच्छेद गरिदियो । नोभेम्बर ६ सम्ममा जब २२,००० बेलायती र फ्रान्सेली सेनाले नहरको उत्तरी छेउबाट किनारामा आक्रमण सुरु गरे, जहाजहरूको निर्बाध आवागमन सुनिश्चित गर्ने उनीहरूको उद्देश्य पहिले नै उनीहरूको हातबाट फुत्किसकेको थियो ।

त्यो सूक्ष्म-सैन्य विपत्तिको अन्त्यसम्ममा, बेलायतलाई संयुक्त राष्ट्र सङ्घले हप्काएको थियो; उसको मुद्रालाई पूर्ण पतनबाट बचाउन अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को बेलआउट (आर्थिक उद्धार) आवश्यक परेको थियो; उसको साम्राज्यवादी महिमाको आभा मेटिइसकेको थियो; एक समयको शक्तिशाली बेलायती साम्राज्य अन्त्यको बाटोमा थियो । पश्चात्तापको घडीमा, स्वेज सङ्कटले बेलायती शक्तिको पूर्ण पतनलाई मात्र उजागर गरेन, बरु विश्वलाई यो पनि देखाइदियो कि साम्राज्यवादी र नश्लीय श्रेष्ठताको भ्रममा रहेको देशको शासक अनुदारवादी संस्थापन अब विश्वव्यापी नेतृत्वका लागि सक्षम छैन ।

**हर्मुजको जलसन्धिमा अमेरिकाको पराजय**

साम्राज्यवादी पतनको इतिहासमा अर्को एउटा मिति सम्भवत: निकै महत्त्वपूर्ण साबित हुनेछ - त्यो हो फेब्रुअरी २८, २०२६ । स्थान वासिङटन डिसी थियो, जुन इतिहासकै सबैभन्दा शक्तिशाली साम्राज्यवादी राज्यको घर थियो । जसले सैन्य गठबन्धन, कुशल कूटनीति र आर्थिक नेतृत्वको मिश्रणमार्फत करिब ८० वर्षसम्म विश्वको ठुलो हिस्सामा प्रभुत्व जमाएको थियो । तर, त्यतिबेलासम्म उसको शक्तिको संरचनामा प्रस्ट रूपमा दरारहरू देखिन थालिसकेका थिए । अमेरिकी विश्वव्यापी आधिपत्यले चीनबाट बढ्दो बलियो आर्थिक चुनौतीको सामना गरिरहेको थियो, उसको विशाल सेनाले अफगानिस्तान र इराकमा दुईवटा पीडादायी पराजय भोगेको थियो र उसको आर्थिक भूमण्डलीकरणले स्वदेशमै एक क्रुद्ध लोकरिझ्याइँ (Populism) पैदा गरेको थियो ।

कामदारवर्गको समृद्धि र अमेरिकाको विश्वव्यापी शक्ति दुवैलाई पुनर्स्थापित गर्ने वाचामा आधारित लोकरिझ्याइँवादी अभियानपछि, डोनाल्ड ट्रम्पले जनवरी २०२५ मा दोस्रोपटक कार्यभार सम्हाले । उनले 'अमेरिकाको स्वर्ण युग' र 'राष्ट्रिय सफलताको एक रोमाञ्चक नयाँ युग' को वाचा गरेका थिए, जसमा देशले "पृथ्वीको सबैभन्दा महान्, शक्तिशाली र सम्मानित राष्ट्रको रूपमा



आफ्नो न्यायोचित स्थान पुन: प्राप्त गर्नेछ र सम्पूर्ण विश्वको विस्मय र प्रशंसा बटुल्नेछ ।" आफैँ धन र विशेषाधिकारमा जन्मिएका ट्रम्पले नेतृत्वका लागि आफ्नो अद्वितीय 'प्रतिभा' मा विश्वस्त भएर र "अमेरिकालाई फेरि महान् बनाउन मलाई भगवानले बचाउनुभएको हो" भन्ने विश्वासका साथ पदमा पुनरागमन गरे ।

मित्र र शत्रु दुवैबाट आज्ञाकारिता बाध्य पार्न कच्चा आर्थिक र सैन्य शक्तिको प्रयोग गर्दै, ती राष्ट्रपतिले ईश्वरीय अभियानको भ्रमपूर्ण भावनाबाट प्रेरित भएर विश्वलाई आफ्नो इच्छाअनुसार झुकाउने प्रयास गर्न थाले । तर, उनको कार्यकालको पहिलो वर्षमा कुनै पनि कुरा योजनाअनुसार भएको देखिएन । वास्तवमा, उनका अधिकांश पहलहरूले यस्तो नकारात्मक प्रतिक्रिया उत्पन्न गरे जसले अमेरिका सन् १९९१ को तुलनामा कति तल खसिसकेको छ भन्ने मात्र देखायो, जुन बेला सोभियत सङ्घको विघटनले यसलाई विश्वको एकमात्र महाशक्ति बनाएको थियो ।

अप्रिल २, २०२५ मा, जसलाई उनले 'मुक्ति दिवस' (Liberation Day) नाम दिएका थिए, ट्रम्पले मुख्यतया चिनियाँ आयातबाट घरेलु उत्पादनलाई बचाउन दण्डात्मक भन्सार महसुल (Tariffs) को सूची घोषणा गरे । सुरुमा ३४ प्रतिशत रहेको यो शुल्कलाई पछि बढाएर पूर्ण दण्डात्मक १०० प्रतिशत पुऱ्याइयो । तर, अक्टोबर २०२५ मा दक्षिण कोरियामा भएको भेटवार्तामा, चिनियाँ नेता सी चीनफिङले आफ्नो देशको रणनीतिक 'दुर्लभ खनिज' (Rare earth minerals) को भण्डारमा अमेरिकी पहुँच रोकिदिएर ट्रम्पलाई पछि हट्न बाध्य पारे ।

जनवरीमा, जब उनको भन्सार महसुलको पहल फितलो हुँदै गयो, तब ट्रम्पले डेनमार्कसँग ग्रिनल्यान्ड टापु मागेर नेटो (NATO) गठबन्धनलाई सङ्कटमा धकेले । उनले माग पूरा नभए युरोपेली सहयोगीहरूमाथि नयाँ भन्सार शुल्क लगाउने धम्की दिए । यद्यपि, एक हप्ताभित्रै युरोपको तीव्र प्रतिरोधले गर्दा उनले डाभोस आर्थिक शिखर सम्मेलनमा त्यो धम्की फिर्ता लिए र नेटोको 'भविष्यको सम्झौताको रूपरेखा' को प्रस्तावबाट आफू सन्तुष्ट रहेको दाबी गरे ।

फेब्रुअरी २८, २०२६ मा, जब उनको भन्सार पहल असफल भयो र ग्रिनल्यान्डको चाल पनि रोकियो, तब ट्रम्प इरानमाथि एउटा साहसिक देखिने प्रहार गर्न इजरायलसँग सामेल भए । यसले चाँडै नै त्यस्तो घातक 'सूक्ष्म-सैन्य' दाउपेचको रूप लियो, जुन पतनशील साम्राज्यवादी शक्तिहरूको विशेषता मानिन्छ ।

युद्धको पहिलो केही दिनमा, अमेरिकी र इजरायली बमबारीले इरानको नेतृत्वलाई मारिदियो, उसको नौसेना ध्वस्त पारिदियो र उसको हवाई प्रतिरक्षा प्रणाली समाप्त गरिदियो । यसले देशलाई अमेरिकाको हवाई शक्तिको महायन्त्र अगाडि लगभग असहाय बनाइदियो । एक हप्ताको विनाशकारी बमबारीपछि, जसको सटिकता र घातकताले विश्वलाई नै स्तब्ध बनाएको थियो, मार्च ६ मा ट्रम्पले माग गरे कि इरानले 'बिनासर्त आत्मसमर्पण' गरोस् र 'एक महान् र स्वीकार्य नेताको छनोट' गरेर आफ्नो हार स्वीकार गरोस् । बदलामा, उनले "इरानलाई विनाशको मुखबाट फिर्ता ल्याउन अमेरिकाले अथक प्रयास गर्ने" वाचा गरे ।

तर, सन् १९५६ मा स्वेजमा नासेरले गरेजस्तै, इरानी नेतृत्वले स्ट्रेट अफ हर्मुजमा एक महत्त्वपूर्ण सामुद्रिक नाका बन्द गरेर युद्धको भू-रणनीतिक सन्तुलन नै उल्टाइदियो । युद्धको पहिलो हप्तामै ड्रोन प्रयोग गरेर पाँचवटा मालवाहक जहाजहरूमाथि प्रहार गरी इरानी नेताहरूले, नासेरको भू-राजनीतिक रणनीति पछ्याउँदै, स्ट्रेट अफ हर्मुजलाई ट्याङ्करहरूको आवागमनका लागि प्रभावकारी रूपमा बन्द गरिदिए । यसले ग्यास, मल र तेलको ढुवानी ठप्प पारिदियो, जसले विश्व अर्थतन्त्रलाई अभूतपूर्व ऊर्जा सङ्कटमा धकेल्यो । मार्चको अन्त्यसम्ममा, जलसन्धिमाथि इरानको पकड यति बलियो भयो कि उसले जहाजहरूलाई आवतजावत गर्न अनुमति दिनका लागि 'महसुल' (Tolls) असुल्न थाल्यो ।

हर्मुजको यो अप्रत्याशित तर पूर्णतया अनुमान गर्न सकिने बन्दबाट अलमलिएका ट्रम्पले अप्रिल ५, इस्टर आइतबारको दिन एक सामाजिक सञ्जाल सन्देश पोस्ट गर्दै भने, "मङ्गलबार इरानमा 'पावर प्लान्ट डे' र 'ब्रिज डे' दुवै एकैसाथ हुनेछ । यस्तो पहिले कहिल्यै भएको थिएन !!!" उनले थपे, "त्यो जलसन्धि खोल, तिमी पागलहरू, नत्र तिमीहरू नर्कमा बस्नेछौ, हेरिरख । अल्लाहको जय होस् ।" दुई दिनपछि, ट्रम्पले धम्की दिए कि यदि इरानले स्ट्रेट अफ हर्मुज खोलेन भने, उनले त्यहाँको नागरिक पूर्वाधारमा यति कडा आक्रमण गर्नेछन् कि "आज राति एउटा पूरै सभ्यता मर्नेछ, जुन फेरि कहिल्यै ब्युँतिने छैन ।"

पाकिस्तानको इस्लामावादमा दुई पक्षबिच भएको वार्ता असफल भएपछि, अप्रिल १२ मा ट्रम्प इरानको दलदलमा झनै गहिरिएर फसे । उनले अमेरिकी नौसेनालाई "हर्मुजको जलसन्धिमा प्रवेश गर्न वा बाहिरिन खोज्ने कुनै पनि र सबै जहाजहरूलाई नाकाबन्दी गर्ने प्रक्रिया सुरु गर्न" र "इरानलाई महसुल तिरेका अन्तर्राष्ट्रिय जलक्षेत्रका हरेक जहाजलाई रोक्न" आदेश दिए । आफ्नो विशिष्ट शैलीमा उनले थपे, "हामी पूर्ण रूपमा 'तैयार' (LOCKED AND LOADED) छौँ र हाम्रो सेनाले इरानको बाँकी रहेको अलिकति अंशलाई पनि सिध्याउनेछ !"

ट्रम्पले इरानको पूर्वाधार ध्वस्त पारे पनि वा अन्तत: आफ्नो इज्जत जोगाउने खालको कुनै शान्ति सम्झौता गरे पनि, वास्तवमा अर्थ राख्ने हरेक मापदण्डमा वासिङटनले इरानसँगको युद्ध हारिसकेको छ । असमान युद्ध (Asymmetric warfare) मा सबै कमजोर शक्तिहरू जस्तै, तेहरान निरन्तरको सजाय भोग्न तयार छ, जबकि उसले यस्तो पीडा दिइरहेको छ जुन प्रभुत्वशाली शक्तिले सहन सक्दैन । अमेरिकाले चाँडै नै तेहरानमा आक्रमण गर्ने लक्ष्यहरू पाउने छैन, तर इरानसँग भने आफ्ना सस्ता ड्रोनहरू प्रयोग गरेर पर्सियन खाडीको दक्षिणी किनारमा रहेका सुव्यवस्थित र असुरक्षित पेट्रोलियम पूर्वाधारहरूलाई ठुलो क्षति पुऱ्याउने सामर्थ्य छ ।

सन् १९५६ मा स्वेजमा बेलायतले जस्तै, वासिङटनले पनि स्ट्रेट अफ हर्मुजमा गरेको आफ्नो 'सूक्ष्म-सैन्यवाद' का लागि ठुलो मूल्य चुकाउनुपर्ने देखिन्छ । ८० वर्षदेखि अमेरिकी विश्वव्यापी शक्तिको आधारस्तम्भका रूपमा रहेका निकट सहयोगीहरूले वासिङटनको यो स्वेच्छाचारी युद्धका लागि कुनै पनि सैन्य सहयोग दिन अस्वीकार गरेका छन्, जसका कारण ट्रम्पले उनीहरूलाई 'कायर' को संज्ञा दिएका छन् । नागरिक र सभ्यता नै विनाश गरिदिने (जुन दुवै युद्ध अपराध हुन्) उनको गर्जनपूर्ण धम्कीको प्रतिक्रियास्वरूप, विश्वका नेताहरूले ट्रम्पको भर्त्सना गरेका छन् । विश्वव्यापी पुँजीवादको केन्द्रबिन्दु रहेको यस क्षेत्रमा युद्धका खतराहरूप्रति बेवास्ता गर्दै वासिङटनले अहिले विश्व अर्थतन्त्रलाई झन् खतरनाक ढङ्गले अस्तव्यस्त पारिरहेको छ । यसले विश्वव्यापी नेतृत्वका लागि चीनलाई अमेरिकाको तुलनामा धेरै स्थिर विकल्पका रूपमा देखाएको छ । यसबाहेक, अमेरिकी सेनाले लक्ष्यहरू ध्वस्त पार्न आफ्नो रणनीतिक चपलता प्रमाणित गरे पनि, यसले अब कुनै पनि अर्थपूर्ण रणनीतिक उद्देश्यहरू हासिल गर्न सक्दैन भन्ने कुरा स्पष्ट भएको छ ।

यसका गठबन्धनहरू क्षत-विक्षत भएको, विश्वव्यापी नेतृत्व गुमेको र सैन्य सामर्थ्यको आभा मेटिँदै गएको अवस्थामा, अमेरिकी विश्वव्यापी आधिपत्यको एकमात्र मार्ग अब ( विगतका धेरै महान् शक्तिहरू जस्तै) अधोगतितर्फ नै देखिन्छ । स्ट्रेट अफ हर्मुजमा ट्रम्पको सूक्ष्म-सैन्य दुस्साहस समाप्त भइसक्दा, अमेरिकी विश्वव्यापी शक्तिको पतन निकै तीव्र भइसकेको हुनेछ र विश्वले पुरानो 'प्याक्स अमेरिकाना' ( Pax Americana) बाट अघि बढेर एक नयाँ, स्पष्ट रूपमा अनिश्चित विश्व व्यवस्थातर्फ लाग्ने प्रयास गरिरहेको हुनेछ ।

***समाप्त***

***Source :***
***https://tomdispatch.com***
***अल्फ्रेड डब्लु. म्याककोय***

***जब...***

एउटा हिस्सा मात्र हो । सन् १९६३ देखि, क्युवाले नियमित रूपमा विश्वभरका खाँचोमा परेका देशहरूमा चिकित्सकहरू पठाउँदै आएको छ । चिकित्सा क्षेत्रको यस अन्तर्राष्ट्रवादअन्तर्गत आपत्कालीन प्रतिक्रिया चिकित्सा ब्रिगेडहरू, टापुमा विदेशी बिरामीहरूलाई स्वास्थ्य सेवाको व्यवस्था र क्युवा तथा विदेशमा चिकित्सा जनशक्तिको प्रशिक्षणसमेत पर्दछन् । विशेष गरी, हवानास्थित ल्याटिन अमेरिकन स्कूल अफ मेडिसिनले, जसले न्यून आय भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दछ, सन् १९७४ देखि क्युवामा अध्ययन गर्न गएका १,५०० प्यालेस्टिनी विद्यार्थीमध्ये केहीलाई शिक्षित बनाएको छ । सन् २०२४ मा, क्युवाका राष्ट्रपति मिगुएल डियाज-कानेलले प्यालेस्टिनी विद्यार्थीहरूलाई दुई सय नयाँ मेडिकल स्कूल छात्रवृत्ति प्रदान गरे, जुन नरसंहारद्वारा चिकित्सा पूर्वाधार ध्वस्त पारिएको समाजप्रति ऐक्यबद्धताको एक दुर्लभ प्रदर्शन थियो ।

मार्ता प्लासेरेस हर्नान्डेज, जो विद्यालय नभएको ग्रामीण क्षेत्रमा हुर्किएकी थिइन् र सन् १९६१ पूर्वको अभियानको परीक्षण चरणमा ११ वर्षको उमेरमा लेखपढ गर्न सिकेकी थिइन्, उनले देशको यो जारी अन्तर्राष्ट्रवादका बारेमा भनिन्, "मलाई विश्वास छ कि यहाँको अभियान कहिल्यै समाप्त भएको छैन ।"

यद्यपि, शिक्षकहरूको यो युवा फौज जम्मा गर्नु कुनै सजिलो काम थिएन । लाखौँको सङ्ख्यामा रहेका विद्यार्थीलाई सिकाउनका लागि लाखौँकै सङ्ख्यामा शिक्षकहरूको आवश्यकता पर्दथ्यो । पेसाकर्मीहरूले ती युवा विद्यार्थी-शिक्षकहरूलाई साक्षरता शिक्षण विधिको सघन तालिमका साथै स्वास्थ्यसम्बन्धी मामिला र पढ्न हिच्किचाउने वयस्क सिकारुहरूलाई कसरी बुझाउने भन्नेबारे निर्देशन दिनुपरेको थियो । देशले सबै प्रकारका पेसाकर्मीहरूको ठुलो पलायन बेहोरिरहेको समयमा पनि शिक्षण पेसामा आबद्ध अधिकांश व्यक्तिहरूले यसमा भाग लिए । तेन्ह हजार मजदुरले पनि स्वेच्छिक साक्षरता शिक्षक बन्नका लागि नाम दर्ता गराए । तर, अध्यापनबाहेक यस अभियानलाई पुलहरू निर्माण गर्न, स्वयम्सेवकहरूलाई ग्रामीण इलाकामा ओसार्ने ट्रकहरू चलाउन, रेडियो, टेलिभिजन, पत्रपत्रिका र होर्डिङ बोर्डहरूमार्फत प्रचारप्रसार गर्न र सकेसम्म धेरै निरक्षर व्यक्तिहरू पहिचान गर्न जनगणनासमेत गर्न मानिसहरूको आवश्यकता थियो । रिचर्ड आर. फेगनले क्रान्तिकारी क्युवाका बारेमा लेखेको आफ्नो सन् १९६९ को पुस्तकमा अनुमान गरेअनुसार, भाग लिनका लागि धेरै साना उमेरका २० लाख मानिसहरूबाहेक 'प्रत्येक चार जना मानिसमध्ये एक जना' ले यस अभियानमा प्रत्यक्ष रूपमा भाग लिएका थिए ।

विशेषगरी महिलाहरूले यस अभियानमा सहभागी हुनका लागि आफ्ना मातापिता र आफ्नो संस्कृतिको लैङ्गिक अपेक्षा दुवैलाई कसरी चुनौती दिनुपरेको थियो भन्ने कुरा स्मरण गरे । एक महिलाले स्पष्ट पारिन्, "मेरो परिवारसँग मेरो ठुलो सङ्घर्ष भयो; म केटी भएकै कारण उनीहरू मलाई पठाउन चाहँदैनथे । तर, मेरी आमा विद्रोही सेनाको लडाकु हुनुहुन्थ्यो । म निकै सानो उमेरमै त्यो इतिहासको हिस्सा बनेँ ।" अर्की एक महिलाले भनिन्, "म दृढ सङ्कल्पित थिएँ र मेरी आमाले कुनै आपत्ति जनाउनुभएन । तर, मेरा बुबाले भन्नुभयो, "ठीक छ, उसलाई जान देऊ । उनी दुई हप्तामै फर्किनेछिन् ।" १४ वर्षको उमेरसम्म म कहिल्यै आफ्नी हजुरआमाको घरमा समेत रात बिताउन बसेकी थिइनँ । म कहिल्यै घरबाट टाढा भएकी थिइनँ ।"

अर्की एक सहभागीले यो अभियानले महिलाहरूलाई लैङ्गिक समानतातर्फ अघि बढ्न कसरी मद्दत गऱ्यो भन्ने कुरा स्मरण गरिन्, "म भन्छु कि यस अभियानले क्युवाका महिलाहरूमा ठुलो प्रभाव पाऱ्यो, किनकि त्यसपछि उनीहरूले पुरुष सरहकै गतिविधिहरू सम्हाल्न सके । पहिले, महिलाहरू केवल घरपरिवार र परिवारको हेरचाह गर्न मात्र जान्दथे । पहिले, महिलाहरू पुरुषको अधीनमा थिए ! त्यसपछि भने, महिलाहरू समाजमा अझ पूर्ण रूपमा सहभागी हुन सके ।"

एक महिलाले अभियानको सुरुआततिर, सन् १९६१ को अप्रिलमा परिस्थिति कति खतरनाक बनेको थियो भन्ने कुरा सुनाइन्, "बे अफ पिग्स आक्रमणको बेला म त्यहीँ थिएँ । मेरा तीन बच्चाहरूसहित मेरा श्रीमान् पनि त्यहीँ हुनुहुन्थ्यो । दिउँसो एक जना मिलिसियाका सदस्य म कहाँ आएर हामी युद्ध क्षेत्रमा रहेको र मैले त्यहाँ बस्ने वा नबस्ने निर्णय गर्नुपर्ने कुरा बताए । म त्यहीँ रोकिएँ र मिलिसियाका सदस्यहरूले मलाई शत्रु सेना आइहालेमा सबमेसिन गन कसरी चलाउने भनेर सिकाए, तर तिनीहरू आएनन् ।"

बाह्र वर्षको उमेरमा ब्रिगादिस्ता बनेका र १६ वर्षको उमेरमा उनका दाजु एस्कामब्रे पर्वतमालामा प्रतिक्रान्तिकारी शक्तिहरूविरुद्ध सक्रिय रहेका रेने जे. मुजिकाले यो अभियान आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण अनुभव भएको बताए । यसले उनलाई पहिले कहिल्यै नदेखेको गरिबी देख्न र समाजले गरिबीको समाधान गर्नु कति महत्त्वपूर्ण छ भन्ने कुरा बुझ्न मद्दत गरेर उनमा गहिरो प्रभाव पारेको थियो । अर्का एक ब्रिगादिस्ताले अर्को प्रकारको महत्त्वपूर्ण व्यक्तिगत रूपान्तरणको बारेमा कुरा गर्दै भने, "म निकै लज्जालु थिएँ । मलाई मानिसहरूलाई अभिवादन गर्नसमेत लाज लाग्थ्यो । साक्षरता अभियानले मलाई एउटा फरक मानिस बनाइदियो, किनकि मैले आफू उपयोगी भएको र आफ्नो आवश्यकता रहेको महसुस गरेँ । आफूलाई पत्तै नपाई तपाईँ बदलिनुहुन्छ, किनकि तपाईँलाई थाहा हुन्छ कि तपाईँले कुनै महत्त्वपूर्ण काम गर्नुभएको छ ।"

अन्य सहभागीहरूले अध्यापनका चुनौती र सुखद पक्षहरूका बारेमा आफ्ना संस्मरणहरू साटे । एक जनाले भने, "केही मानिसहरूले एक हप्तामै पढ्न सिके, जबकि अरूका लागि भने स्वरवर्ण चिन्नु नै उनीहरूको जीवनको सबैभन्दा गाऱ्हो काम बन्यो ।" अर्का एक जनाले भने, "जब उनीहरूले पहिलोपटक आफ्नो नाम लेख्न सिके, त्यो क्षण अद्भूत थियो । यो यस्तो थियो मानौँ उनीहरूले स्वयम् आफूलाई फेला पारे ।"

यस अभियानको अर्को एउटा प्रभावशाली कार्य के थियो भने यसले आवश्यकता भएकाहरूका लागि चस्माको व्यवस्थासमेत गरेको थियो । आँखाका डाक्टरहरू सिकारुहरूको परीक्षण गर्न गाउँ-गाउँ गए र अभियानले १,७७,००० थान चस्मा उत्पादन गर्नका लागि स्रोतसाधनहरू परिचालन गऱ्यो ।

"हुआन नाम गरेका एक जना वृद्ध हजुरबुबा हुनुहुन्थ्यो जो लेखपढ गर्न चाहनुहुन्थ्यो । कसैले हामीलाई उहाँ निकै वृद्ध भइसक्नुभएको कुरा भन्यो, तर हामीले भन्यौँ, "यदि उहाँ सिक्न चाहनुहुन्छ भने, हामी यहाँ यसैका लागि आएका हौँ, होइन र ?" पछि उहाँले राम्रोसँग देख्न सक्नुहुन्न भन्ने कुरा प्रस्ट भयो । हामीले हुआनलाई आँखा रोग विशेषज्ञकहाँ लग्यौँ, उनीहरूले उहाँको आँखा परीक्षण गरेर चस्मा थमाइदिए । उहाँको अनुहारको त्यो खुसीको भाव म कहिल्यै बिर्सने छैन ।"

क्युवाका युवाहरूले क्रान्तिलाई कसरी आकार दिए भन्ने कथा समाजवादको इतिहासका लागि मात्र महत्त्वपूर्ण छैन । यसले हाम्रो समाजले युवाहरूतर्फ कसरी फरक र अझ बढी सहयोगी ढङ्गले आफ्नो ध्यान केन्द्रित गर्न सक्छ भन्ने कुरामा पनि प्रकाश पार्छ । यो साक्षरता अभियान एउटा यस्तो मोड र मानवताको एउटा यस्तो आन्दोलन थियो, जसलाई युवाहरूसँगको ऐक्यबद्धताको दिशामा चालिएको कदम मान्न सकिन्छ । क्युवाका युवाहरूलाई समाजको आफ्नै पहिचान र अधिकार भएका मूल्यवान् सदस्यका रूपमा हेरियो । क्रान्तिकारी क्युवाले आफ्नो देशभित्रकै सम्पत्तिको एउटा ठुलो स्रोत, आफ्ना युवाहरूको प्रतिभालाई पहिचान र परिचालन गऱ्यो र त्यसलाई सम्पूर्ण राष्ट्रको हितका लागि सही सदुपयोग गऱ्यो ।

***स्रोत : ज्याकोबिन***
***दायित्वबोध डटकमबाट***




प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको राजधानी प्योङयाङस्थित केन्द्रीय पार्टी कार्यकर्ता तालिम विद्यालयको ८० औं स्थापना दिवसको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष मार्शल किम जोङ उन २ जुन २०२६ का दिन ।
*तस्बिर : केसिएनए*

# पश्चिमी दबाबबिच भारतको म्यान्मा नीति अस्पष्ट

नयाँदिल्ली, १९ जेठ (एपी) । पश्चिमी देशहरूले म्यान्माको सैन्य नेतृत्वलाई अन्तर्राष्ट्रिय रूपमा अलगयाउने प्रयास गरिरहेकै बेला भारतले भने सैन्य समर्थित प्रशासनसँगको संवाद र सहकार्यलाई निरन्तरता दिने सन्देश दिएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले म्यान्माका सैन्य समर्थित राष्ट्रपति मिन आङ ह्लाइङसँग नयाँदिल्लीमा वार्ता गरेपछि भारतले 'संलग्नता नै व्यवहारिक विकल्प' भएको आफ्नो धारणा दोहोऱ्याएको हो ।

भारतीय विदेश सचिव विक्रम मिस्रीले पत्रकारहरूसँग कुरा गर्दै भारतको नीति म्यान्माको 'आन्तरिक राजनीतिक व्यवस्थामाथि टिप्पणी गर्ने उद्देश्यले निर्देशित नभएको' बताउनुभयो । उहाँका अनुसार नयाँदिल्लीले म्यान्मासँग सम्बन्ध कायम राखेर अघि बढ्नु नै प्रभावकारी र उपयोगी उपाय हुने विश्वास राख्छ ।

सन् २०२१ मा म्यान्मा सेनाले सत्ता कब्जा गर्दै आङ सान सुकीको निर्वाचित सरकारलाई हटाएपछि संरा अमेरिकालगायत पश्चिमी राष्ट्रहरूले त्यहाँको सैन्य नेतृत्वमाथि प्रतिबन्ध लगाएका थिए । त्यसयता विपक्षीमाथिको दमन, गृहद्वन्द्व र गम्भीर मानवीय सङ्कट सैन्य नेतृत्व पश्चिमा देशहरूको आलोचनाको केन्द्रमा रहँदै आएको छ । यद्यपि भारतले भने छिमेकी मुलुकसँग संवाद तोड्नु भन्दा निरन्तर सम्पर्क राख्ने नीति अपनाएको छ ।

"निरन्तर वार्ता महत्त्वपूर्ण हुन्छ भन्ने सिद्धान्तमा हामी सधैं अघि बढेका छौं", मिस्रीले भन्नुभयो । उहाँले म्यान्मालाई अलगै राख्ने रणनीतिले उल्टै प्रतिकूल परिणाम दिने तर्क गर्नुभयो । "इतिहासले देखाएको छ, सम्बन्ध विच्छेदले संलग्नताभन्दा राम्रो नतिजा दिएको छैन", उहाँको भनाइ थियो ।

आलोचक र मानव अधिकारकर्मीहरूले मिन आङ ह्लाइङको भारत भ्रमणले म्यान्माको सैन्य समर्थित प्रशासनलाई अन्तर्राष्ट्रिय वैधानिकता दिलाउने जोखिम बढाउन सक्ने बताएका छन् । अप्रिलमा विवादास्पद निर्वाचनपछि राष्ट्रपतिका रूपमा शपथ लिएपछि उहाँको यो पहिलो भारत भ्रमण हो । आलोचकहरूका अनुसार उक्त निर्वाचन सत्तामा सेनाको नियन्त्रण थप मजबुत बनाउन केन्द्रित थियो । यसअघि उहाँले सन् २०१९ मा म्यान्माका सैन्य प्रमुखका रूपमा भारत भ्रमण गर्नुभएको थियो ।

भारत र म्यान्माबिच एक हजार ६४३ किलोमिटर लामो स्थलसीमा तथा बङ्गालको खाडी क्षेत्रमा समुद्री सीमा जोडिएको छ । भारतका लागि म्यान्मा केवल छिमेकी मुलुक मात्र नभई सुरक्षा, रणनीति र क्षेत्रीय स्थायित्वसँग प्रत्यक्ष जोडिएको साझेदार पनि हो । म्यान्माको चिन राज्य तथा अन्य द्वन्द्वग्रस्त क्षेत्रबाट भागेका हजारौं शरणार्थीहरूलाई भारतले आश्रय दिँदै आएको छ ।

दुई देशले सीमा सुरक्षादेखि विद्रोही समूहविरुद्धको कारबाहीसम्म विभिन्न क्षेत्रमा सहकार्य गर्दै आएका छन् । सीमा आसपास सक्रिय सशस्त्र समूहहरूसँग जुध्न गुप्तचर सूचना आदानप्रदानमा पनि दुवै पक्षबिच सहयोग रहेको बताइएको छ ।

मोदी र मिन आङ ह्लाइङले भेटपछि संयुक्त रूपमा सञ्चारमाध्यमलाई सम्बोधन गर्नुभएन, जबकि नयाँ दिल्ली भ्रमणमा आउने धेरैजसो विदेशी राष्ट्र वा सरकार प्रमुखहरूसँग हुने द्विपक्षीय भेटपछि यस्तो अभ्यास सामान्य मानिन्छ ।

विदेश सचिव मिस्रीका अनुसार दुई नेताबिच व्यापार, रक्षा तथा सुरक्षा सहकार्य, सीमा व्यवस्थापन, क्षेत्रीय मुद्दा, आर्थिक सम्बन्ध र प्रविधि साझेदारीबारे विस्तृत छलफल भएको थियो । दुवै पक्षले व्यापार, ऊर्जा, महत्त्वपूर्ण खनिज, पूर्वाधार र क्षेत्रीय सम्पर्क विस्तारसँग सम्बन्धित प्रमुख परियोजनालाई तीव्रता दिने सहमति गरेका छन् ।

वार्तामा साइबर अपराध र मानव बेचबिखन नियन्त्रणसम्बन्धी सहकार्य पनि महत्त्वपूर्ण विषयका रूपमा उठाइएको थियो । दक्षिण तथा दक्षिणपूर्वी एसियामा फैलिएका ठगी केन्द्रहरूमा फसाइएका भारतीय नागरिकहरूको विषयमा पनि छलफल भएको बताइएको छ । मिस्रीका अनुसार पछिल्ला १८ महिनामा भारत र म्यान्माले संयुक्त प्रयासमार्फत दुई हजार ४०० भन्दा बढी भारतीय नागरिकको उद्धार गरेका छन् ।

भारत भ्रमणका क्रममा मिन आङ ह्लाइङले राष्ट्रपति द्रौपदी मुर्मु, विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्कर तथा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग पनि भेटवार्ता गर्नुभएको थियो ।

# समुद्री विवादमा कम्बोडियाको राष्ट्रसङ्घीय कदम

नोम पेन्ह, १९ जेठ (एएफपी) । करिब ३०० अर्ब डलर मूल्यको अनुमान गरिएको समुद्री ऊर्जा भण्डारमाथिको विवाद थप जटिल बन्दै जाँदा कम्बोडियाले थाइल्यान्डसँगको समुद्री दाबी टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घीय प्रक्रियाको औपचारिक बाटो समातेको छ । कम्बोडियाले मङ्गलबार संयुक्त राष्ट्रसङ्घ समर्थित मध्यस्थता संयन्त्र सक्रिय गर्दै समुद्री कानुनअन्तर्गत विवाद समाधान प्रक्रिया सुरु गरेको घोषणा गरेको हो ।

थाइल्यान्डको खाडी क्षेत्रमा पर्ने ओभरल्यापिङ समुद्री दाबी, ऊर्जा अन्वेषण र सीमाङ्कनसम्बन्धी मतभेदका कारण दुई दक्षिणपूर्वी एसियाली छिमेकीबिच दशकौंदेखि तनाव रहँदै आएको छ । विवाद केवल समुद्री सीमामा सीमित नभई करिब ८०० किलोमिटर लामो स्थलसीमाको सीमाङ्कनसमेत लामो समयदेखि असहमतिका केन्द्रमा रहँदै आएको छ । यसलाई फ्रान्सेली औपनिवेशिक कालको अपूर्ण सीमारेखाको विरासत मानिन्छ ।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले राज्य सञ्चालित टिभिकेमार्फत सम्बोधन गर्दै आफ्नो सरकारले थाइल्यान्ड र संयुक्त राष्ट्रसङ्घका महासचिवलाई औपचारिक सूचना पठाएर समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्र महासन्धि ( युएनसिएलओएस) अन्तर्गत 'अनिवार्य मेलमिलाप कार्यवाही' सुरु गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

"हामीले अन्तर्राष्ट्रिय कानुनअनुसार कम्बोडियाको सार्वभौमिकता र समुद्री अधिकारको रक्षा गर्न यो कदम चालेका छौं", हुन मानेटले भन्नुभयो । उहाँका अनुसार अन्तर्राष्ट्रिय विशेषज्ञ मेलमिलापकर्ताको निगरानीमा हुने प्रक्रिया दुवै देशका लागि निष्पक्ष र दीर्घकालीन समाधानतर्फको अवसर हुन सक्छ ।

यो कदम थाइल्यान्डले गत महिना सन् २००१ मा हस्ताक्षर भएको द्विपक्षीय समझदारी सम्झौता रद्द गरेपछि आएको हो । 'एमओयु-४४' भनेर चिनिने उक्त सम्झौतालाई ओभरल्यापिङ समुद्री दाबी र ऊर्जा अन्वेषणसम्बन्धी सहकार्यको आधार मानिन्थ्यो ।

थाई प्रधानमन्त्री अनुतिन चार्नविराकुलले आफ्नो सरकारले लामो समयदेखि कार्यान्वयनमा गतिरोध देखिएको भन्दै उक्त समझदारी खारेज गरेको बताउनुभएको थियो । त्यसपछि कम्बोडियाले विवादलाई द्विपक्षीय वार्ताबाट बाहिर निकालेर संयुक्त राष्ट्रसङ्घीय संरचनाभित्र लैजाने तयारी अघि बढाएको हो ।

युएनसिएलओएसका पक्ष राष्ट्र भएकाले कम्बोडिया र थाइल्यान्ड दुवै अन्तर्राष्ट्रिय समुद्री कानुनको दायराभित्र छन् । कम्बोडियाले यही कानुनी आधारलाई प्रयोग गर्दै विवाद समाधानका लागि अन्तर्राष्ट्रिय संयन्त्रको सहयोग खोजेको हो ।

यता, थाइल्यान्डको विदेश मन्त्रालयले मङ्गलबार एएफपीको टिप्पणी अनुरोधमा तत्काल प्रतिक्रिया दिएको छैन । तर आर्थिक पक्षले भने विवादको संवेदनशीलता अझ बढाएको छ । थाइल्यान्डको ऊर्जा मन्त्रालयका अनुसार दुवै देशको दाबी परेको समुद्री क्षेत्रमा रहेको तेल र प्राकृतिक ग्यासबाट भविष्यमा करिब ३०० अर्ब अमेरिकी डलर बराबरको आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

दुई देशबिचको तनाव पछिल्ला महिनाहरूमा समुद्री मुद्दाभन्दा बाहिर गएर सीमा सुरक्षामा पनि फैलिएको थियो । जुलाई र डिसेम्बरमा भएका दुई चरणका घातक सीमा झडपपछि दुवै पक्ष युद्धविराममा सहमत भएका थिए । तर त्यसयता एकअर्कामाथि युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउने क्रम रोकिएको छैन ।

लामो समयदेखि जारी सीमा विवाद हिंसात्मक सङ्घर्षमा परिणत हुँदा दर्जनौं मानिस मारिएका थिए । लडाइँका क्रममा दुवै पक्षले थाइल्यान्डको नियन्त्रणमा रहेको सीमावर्ती क्षेत्रका विभिन्न स्थान खाली गरेका थिए ।

कम्बोडियाले विवादित क्षेत्रबाट थाई सेना फिर्ता लिन निरन्तर माग गर्दै आएको छ । साथै, सीमा तनावका क्रममा ऐतिहासिक सम्पदा मन्दिरहरूमा पुगेको क्षतिका लागि कम्बोडियाले थाइल्यान्डको आलोचना पनि गर्दै आएको छ ।

समुद्री ऊर्जा स्रोत, सीमा नियन्त्रण र ऐतिहासिक विवादले गाँसिएको यो द्वन्द्व अब संयुक्त राष्ट्रसङ्घीय प्रक्रियामा प्रवेश गरेसँगै दक्षिणपूर्वी एसियाको अर्को जटिल भू-राजनीतिक मुद्दाका रूपमा थप अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्ने सङ्केत देखिएको छ ।

# भारत-अमेरिका व्यापार सम्झौता नजिक

नयाँदिल्ली, १९ जेठ (एएफपी) । भारत र संयुक्त राज्य अमेरिकाका पहिलो चरणको द्विपक्षीय व्यापार सम्झौतामा लगभग अन्तिम चरणमा पुगेको वाणिज्य मन्त्रीले जानकारी दिनुभएको छ । दुवै देशबिच लामो समयदेखि जारी वार्ता तीव्र बनेसँगै प्रारम्भिक सम्झौताको 'करिब ९९ प्रतिशत' काम पूरा भइसकेको दाबी गरिएको छ ।

अमेरिकी प्रतिनिधिमण्डल दक्षिण र मध्य एसियाका लागि सहायक अमेरिकी व्यापार प्रतिनिधि ब्रेन्डन लिन्चको नेतृत्वमा मङ्गलबार नयाँदिल्ली पुगेपछि तीन दिनसम्म औपचारिक वार्ता सुरु भएको हो । यो वार्तालाई दुवै देशबिच व्यापारिक सम्बन्धलाई नयाँ चरणमा पुऱ्याउने निर्णायक प्रयासका रूपमा हेरिएको छ ।

भारतीय वाणिज्य मन्त्री पियुष गोयलले सोमबार नयाँदिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै अधिकांश विवादित विषयहरू समाधान भइसकेको बताउनुभयो । उहाँका अनुसार अब करिब ९९ प्रतिशत मुद्दा टुङ्गो लागिसकेको छ र केवल केही प्राविधिक तथा अन्तिम विवरणहरूमा छलफल बाँकी छ ।

भारत र अमेरिका यसअघि फेब्रुअरीमा व्यापार सम्झौताको प्रारम्भिक समझदारीमा पुगेका थिए । तर अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका केही व्यापक करसम्बन्धी निर्णयहरूलाई खारेज गरेपछि वार्ता केही समय सुस्त बनेको थियो । त्यसपछि अमेरिकी प्रशासनले भारतसहित विभिन्न देशहरूमा अनुचित व्यापार अभ्याससम्बन्धी अनुसन्धान सुरु गर्नुका साथै १० प्रतिशत शुल्क लागू गरेको थियो ।

मन्त्री गोयलका अनुसार हालको वार्तामा विशेषगरी हालैका अमेरिकी कानुनी परिवर्तनहरूलाई अन्तिम सम्झौताको पाठमा कसरी समावेश गर्ने भन्ने विषयमा विस्तृत छलफल भइरहेको छ । उहाँले दुवै पक्षले कानुनी र प्राविधिक पक्षहरूको मिलानमा ध्यान दिइरहेको बताउनुभयो ।

यसैबिच, अमेरिकी राजदूत सर्जियो गोरले गत हप्ता नै आगामी केही हप्ताभित्र अन्तरिम व्यापार सम्झौतामा हस्ताक्षर हुन सक्ने अपेक्षा व्यक्त गर्नुभएको थियो । यसले दुवै देशबिच राजनीतिक तथा आर्थिक तहमा सहमति लगभग अन्तिम चरणमा पुगेको सङ्केत दिएको छ ।

वासिङ्टन र नयाँदिल्लीले सन् २०३० सम्ममा द्विपक्षीय व्यापारलाई ५० हजार करोड अमेरिकी डलरसम्म पुऱ्याउने महत्त्वाकांक्षी लक्ष्य राखेका छन् । त्यसका लागि बजार पहुँच विस्तार र कर विवाद समाधानलाई प्राथमिकता दिँदै मार्चदेखि निरन्तर वार्ता हुँदै आएको छ ।

भारतले भने यो सम्झौताले आफ्नो निर्यातकर्ताका लागि विशाल अमेरिकी बजारमा पहुँच विस्तार गर्ने अपेक्षा राखेको छ भने संवेदनशील दुग्ध तथा कृषि क्षेत्रको संरक्षणलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पारेको छ । भारतका अनुसार करिब ३० लाख करोड डलर बराबरको बजार अवसर खुल्ने सम्भावना यस सम्झौतासँग जोडिएको छ ।

# युक्रेनमा रूसी आक्रमण नौ जनाको मृत्यु, दर्जनौं घाइते

किएभ (युक्रेन), १९ जेठ ( रएएफपी) । युक्रेनमा भएको रूसी मिसाइल तथा ड्रोन आक्रमणका कारण नौ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको अधिकारीहरूले मङ्गलबार बताएका छन् । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मस्कोले नयाँ आक्रमणको तयारी गरिरहेको चेतावनी दिएको केही दिनपछि आक्रमण भएको जनाइएको छ ।

हाल घातक द्वन्द्व अन्त्य गर्ने वार्ता ठप्प रहेको छ भने सन् २०२२ मा आक्रमण सुरु गरे देखि मस्कोले युक्रेनमा लगभग हरेक दिन आक्रमण गर्दै आएको छ ।

युक्रेनको राजधानीमा धेरै विस्फोटहरू भएको उल्लेख गर्दै रूसले ब्यालेस्टिक मिसाइलहरू प्रहार गरी आगो लगाएको र धेरै जिल्लाहरूमा बिजुली कटौती गरेको एएफपीले बताएको छ ।

सहरका मेयर भिटाली क्लित्स्कोले सामूहिक आक्रमणमा चार जनाको मृत्यु भएको र दुई बालबालिकासहित कम्तीमा ५८ जना घाइते भएको बताउनुभएको छ । सहरमा विस्फोट भई रहेको जनाउँदै एयर डिफेन्स फोर्सले काम गरिरहेको र सुरक्षित स्थानमा बस्न क्लित्स्कोले पहिले नै चेतावनी दिनुभएको थियो ।

किएभ सहरको केन्द्रबाट धुवाँको ठुलो मुस्लो निस्कँदै गर्दा स्थानीय बासिन्दाहरू झोला र कम्बलहरू समातेर आश्रय स्थलहरूमा हतार- हतार जाँदै गरेको एएफपीले जनाएको छ । रूसले ब्यालेस्टिक मिसाइले प्रहार गरिरहेको किएभको सिटी मिलिटरी एडमिनिस्ट्रेशनका प्रमुख तिमुर टाकाचेन्कोले पुष्टि गर्नुभएको छ ।

यसैगरी अन्य विभिन्न क्षेत्रमा मिसाइल र ड्रोन आक्रमण भएको रिपोर्ट गरिएको थियो ।

डिनिप्रो सहरमा भएको रूसी आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै २५ जना घाइते भएको स्थानीय गभर्नर ओलेक्साण्डर गान्झाले बताउनुभएको छ ।

मेयर इगोर तेरेखोभका अनुसार खार्किव सहरमा एक बालकसहित दश जना घाइते भएका छन् ।

यसैबिच, युक्रेनी सीमा नजिकै रूसको कुर्स्क क्षेत्रमा भएको युक्रेनी आक्रमणमा एक व्यक्तिको मृत्यु भएको क्षेत्रीय गभर्नर अलेक्जान्डर खिन्स्टेनले बताएउनुभएको छ ।

पछिल्लो समयमा युक्रेनले पनि दैनिक रूसी बमबारीको बदलामा कब्जा गरिएका क्षेत्रहरू र सिमावर्ती रूसी क्षेत्र माथि आक्रमण बढाएको जनाइएको छ ।

# 'नेपाल वेलनेस वर्ष' : सांस्कृतिक कूटनीतिको नयाँ अध्याय

✍ डिल्लीराज पौडेल

काठमाडौं । विश्व आज अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन् । तर, यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि सङ्घर्ष गरिरहेको छ । आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन । संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन् । यही सन्दर्भमा नागरिक कूटनीति आज राज्यकेन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ । गौतम बुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन् । त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमको रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुऱ्याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यको रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ । यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको सङ्केत गर्दछ । यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो । यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ ।

**सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय**

नेपालको अन्तर्राष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो । हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्त्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको सङ्गम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ । पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो । यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ । यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ । समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन । यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्त्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्त्वका रूपमा स्थापित भइरहेका छन् ।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ । यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ । समग्र स्वास्थ्य कूटनीति सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो ।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो । ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन् । त्यस्तै, योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ । यी सबै तत्त्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ ।

**सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण**

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन । यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो । यही कारणले आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ । गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि ऐतिहासिक परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो ।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तर्राष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन । यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ । नागरिक कूटनीतिले अन्तर्राष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ । यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो । यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ ।

यसप्रकार नागरिक कूटनीति सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो ।

**आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तर्राष्ट्रिय अवसर**

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनः परिभाषित गर्ने नीति अघि सारेको छ । यो शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्त्वपूर्ण रूपान्तरण हो । यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ । यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ । यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्रगतिमा विस्तार भइरहेको छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्रगतिमा बढिरहेको पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन् । यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन् । यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्रान्डिङ' को उच्चस्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तर्राष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन् ।

**अन्तरसभ्यतागत संवाद र विश्व शान्तिमा नेपालको भूमिका**

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ध्रुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ । यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय सम्बन्ध शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ । यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ । नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ ।

नेपाल पूर्व र पश्चिमका विचारधाराबिचको सङ्गमस्थल हो । यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकाङ्क्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन् । त्यस्तै, नेपाल प्रकृति र चेतनाबिचको सन्तुलनको प्रतीक हो । यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यता जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ । विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ । यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वा राष्ट्रिय प्रवर्द्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन । यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो ।

**नागरिक कूटनीति र गैरराज्य संस्थाहरूको भूमिका**

समकालीन अन्तर्राष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन । नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तर्राष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन् । यसलाई नै नागरिक कूटनीति भनिन्छ, जसले कूटनीतिलाई राज्य केन्द्रित संरचनाबाट बाहिर निकालेर समाज, संस्कृति, शिक्षा र मानवीय सम्बन्धको तहमा विस्तार सक्दछन् । 'नेपाल वेलनेस वर्ष २०२७' ले यस नागरिक कूटनीतिको अभ्यासलाई व्यवस्थित, संरचित र राष्ट्रिय अभियानको रूपमा संस्थागत रूप दिन सक्ने ऐतिहासिक अवसर प्रदान गर्छ । यस अभियानमार्फत ध्यान, योग, सजगता, शिक्षा, सांस्कृतिक आदानप्रदान तथा शान्ति केन्द्रित कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ ।

यस प्रक्रियामा प्रवासी नेपाली समुदाय विशेष रूपमा रणनीतिक शक्ति हो । विश्वका विभिन्न मुलुकहरूमा फैलिएको नेपाली डायस्पोरा आर्थिक योगदानको स्रोत मात्र होइन, नेपाल र विश्वबिचको सांस्कृतिक र भावनात्मक पुल पनि हो । उनीहरूले आफ्नो बसोबास रहेका देशहरूमा नेपालको सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई प्रवर्द्धन गर्दै अनौपचारिक कूटनीतिक प्रतिनिधिका रूपमा काम गर्न सक्दछन् । यदि प्रवासी नेपाली समुदायलाई समग्र स्वास्थ्य, योग, ध्यान, सांस्कृतिक संवाद, शैक्षिक आदानप्रदान तथा अन्तरसांस्कृतिक सहकार्यका अभियानहरूसँग रणनीतिक रूपमा जोड्न सकियो भने उनीहरूले नेपाललाई विश्वसँग जोड्ने अत्यन्त प्रभावकारी र दीर्घकालीन सांस्कृतिक कूटनीतिक नेटवर्क निर्माण गर्न सक्दछन् ।

**आगामी बाटो**

'नेपाल वेलनेस वर्ष २०२७' लाई सफल, प्रभावकारी र दीर्घकालीन रूपमा रूपान्तरण गर्न संस्थागत, नीतिगत र संरचनात्मक तयारी अपरिहार्य हुनेछ । यस अभियानलाई केवल कार्यक्रमगत स्तरमा सीमित नराखी राष्ट्रिय विकास दृष्टिकोणको एक एकीकृत ढाँचाका रूपमा अघि बढाउन आवश्यक छ । यसका लागि राष्ट्रिय समग्र स्वास्थ्य परिषद् एक समन्वयकारी संस्थागत आधारका रूपमा विकास गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन र अन्तर्राष्ट्रिय सहकार्यबिचको समन्वय सुनिश्चित गर्नेछ ।

त्यस्तै, हिमालय समग्र स्वास्थ्य परिपथले नेपालको भौगोलिक, सांस्कृतिक र आध्यात्मिक सम्पदालाई एकीकृत पर्यटन तथा अनुभव संरचनामा रूपान्तरण गर्ने रणनीतिक ढाँचा प्रदान गर्न सक्दछ ।

अन्तर्राष्ट्रिय अनुसन्धान सहकार्यले नेपाललाई केवल सेवा गन्तव्य होइन, समग्र स्वास्थ्य, ध्यान, योग, मानसिक सन्तुलन र चेतनामूलक जीवनशैलीसम्बन्धी ज्ञान उत्पादन तथा आदानप्रदानको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ । समुदाय आधारित पूर्वाधार विकासले स्थानीय स्तरमा प्रत्यक्ष सहभागिता, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई सुनिश्चित गर्नेछ । सार्वजनिक निजी साझेदारीले लगानी, नवप्रवर्तन र दिगो विकासबिचको सम्बन्धलाई संस्थागत रूप दिनेछ । यी सबै प्रयासहरूलाई सफल बनाउन सरकार, निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्था तथा अन्तर्राष्ट्रिय साझेदारबिच एकीकृत समन्वय प्रणाली विकास गर्नु अत्यावश्यक छ । यदि बीसौं शताब्दी शक्ति राजनीतिको शताब्दी थियो भने एक्काइसौं शताब्दी चेतना, संस्कृति र मानवीय सहअस्तित्वको शताब्दी बन्ने सम्भावना प्रबल छ । नेपालसँग त्यस शताब्दीलाई दिशा दिने सभ्यतागत आधार अझै जीवित छ ।

नेपालसँग विश्वलाई केवल हिमाल देखाउने मात्र होइन, मानव चेतनाको अर्को सम्भावना देखाउने ऐतिहासिक अवसर पनि छ । यदि नेपालले आफ्नो सभ्यतागत सम्पदा, सांस्कृतिक शक्ति र चेतनामूलक जीवनदर्शनलाई दूरदर्शी नीति, संस्थागत तयारी र अन्तर्राष्ट्रिय साझेदारीसँग जोड्न सक्यो भने 'नेपाल वेलनेस वर्ष २०२७' केवल एक अभियान रहने छैन; यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य र मानवीय सहअस्तित्वको अग्रणी आवाजका रूपमा स्थापित गर्ने ऐतिहासिक मोड बन्न सक्नेछ । अब प्रश्न केवल नेपालले विश्वबाट के प्राप्त गर्छ भन्ने होइन । प्रश्न यो हो कि नेपालले विश्वलाई कस्तो दिशा दिन सक्दछ । 'नेपाल वेलनेस वर्ष २०२७' त्यस प्रश्नको सभ्यतागत उत्तर बन्न सक्दछ । *(लेखक मलेसियाका लागि नेपाली पूर्वराजदूत हुनुहुन्छ)* **रासस**

दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९


"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"

**सामूहिक** बचत तथा ऋण सहकारी संस्था लि.
सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.
Samuhik Saving & Credit Co-op. Society Ltd.
बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर । फोन नं.: ०१-६६१३५१२, ६६१११२४

## भाखा नाघेको ऋणको सावाँ, ब्याज तथा अन्य बक्यौता बुझाउनेबारे ७ दिने सूचना

**प्रकाशित मिति २०८३/०२/२०**

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट ऋण लिँदा यस संस्थालाई लेखिदिएको तमसुक, सर्त सम्झौताबमोजिम संस्थालाई तिर्नुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना रकम तिर्न बुझाउन पटकपटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दासमेत बेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने ऋणको सावाँ, ब्याज तथा हर्जाना र अन्य बक्यौता रकमसमेत हालसम्म चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र बुझाउनका लागि सम्बन्धित ऋणी, धनजमानी एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । उक्त मितिभित्र बक्यौता रहेको सम्पूर्ण रकम नबुझाएमा ऋणीले संस्थालाई लेखिदिएको सर्तबमोजिम ८ औं दिनको दिन सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३०, दफा ३२, दफा ३५ अनुसार निजको सम्पत्ति लिलाम बिक्री गरी संस्थाको लेना सावाँ, ब्याज तथा हर्जना र अन्य बक्यौता रकम असुलउपर गरिने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ । लिलामीसम्बन्धी विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको छ ।

| क्र.सं. | ऋणी सदस्यको तीनपुस्ते विवरण | ऋणी सदस्यको फोटो | जमानीकर्ताको तीनपुस्ते विवरण | जमानीकर्ताको फोटो |
|---|---|---|---|---|
| १. | **ऋणीको नाम थर :** न्हुछेमाया धौबन्जार<br>**ना.प्र नं :** ४४८८<br>**जारी जिल्ला :** भक्तपुर<br>**जारी मिति :** २०५१/१०/१२<br>**सदस्यता नं :** ४६९०<br>**ससुराको नाम :** गणेशबहादुर सुवाल<br>**श्रीमान्को नाम :** रामसुन्दर सुवाल<br>**बुबाको नाम :** बाबुकाजी धौबन्जार<br>**बाजेको नाम :** दुर्गादास धौबन्जार<br>**स्थायी ठेगाना:** भक्तपुर न.पा.वडा नं.१ हाल सू.न.पा.६ सूर्यविनायक तीनधारा<br>**जग्गाको विवरण :**<br>**जिल्ला** : भक्तपुर, **गा.वि.स.**: सिपाडोल<br>**वडा नं. :** १<br>**सीट नं. :** १(ख)<br>**कित्ता नं.:**२६६७<br>**क्षेत्रफल :**०-२-२-०<br>**हालसम्मको तिर्न बुझाउन बाँकी रकम :** रू.८७,७४,४१५।३८ |  | **जमानीको नाम थर:** रामसुन्दर सुवाल<br>**ना.प्र नं :** १८१७<br>**जारी जिल्ला:** भक्तपुर<br>**जारी मिति :** २०५०/११/२९<br>**सदस्यता नं :** ४६८९<br>**बुबाको नाम :** गणेशबहादुर सुवाल<br>**बाजेको नाम :** गणेश सुवाल<br>**स्थायी ठेगाना:** भक्तपुर न.पा. वडा नं. १ हाल सू.न.पा.६, सूर्यविनायक तीनधारा |  |

# समुद्री विवादमा कम्बोडियाको राष्ट्रसङ्घीय कदम

नोम पेन्ह, १९ जेठ (एएफपी)। करिब ३०० अर्ब डलर मूल्यको अनुमान गरिएको समुद्री ऊर्जा भण्डारमाथिको विवाद थप जटिल बन्दै जाँदा कम्बोडियाले थाइल्यान्डसँगको समुद्री दाबी टुङ्ग्याउन संयुक्त राष्ट्रसङ्घीय प्रक्रियाको औपचारिक बाटो समातेको छ। कम्बोडियाले मङ्गलबार संयुक्त राष्ट्रसङ्घ समर्थित मध्यस्थता संयन्त्र सक्रिय गर्दै समुद्री कानुनअन्तर्गत विवाद समाधान प्रक्रिया सुरु गरेको घोषणा गरेको हो।

थाइल्यान्डको खाडी क्षेत्रमा पर्ने ओभरल्यापिङ समुद्री दाबी, ऊर्जा अन्वेषण र सीमाङ्कनसम्बन्धी मतभेदका कारण दुई दक्षिणपूर्वी एसियाली छिमेकीबिच दशकौँदेखि तनाव रहँदै आएको छ। विवाद केवल समुद्री सीमामा सीमित नभई करिब ८०० किलोमिटर लामो स्थलसीमाको सीमाङ्कनसमेत लामो समयदेखि असहमतिका केन्द्रमा रहँदै आएको छ। यसलाई फ्रान्सेली औपनिवेशिक कालको अपूर्ण सीमारेखाको विरासत मानिन्छ।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले राज्य सञ्चालित टिभिकेमार्फत सम्बोधन गर्दै आफ्नो सरकारले थाइल्यान्ड र संयुक्त राष्ट्रसङ्घका महासचिवलाई औपचारिक सूचना पठाएर समुद्री कानुनसम्बन्धी संयुक्त राष्ट्र महासन्धि (युएनसिएलओएस) अन्तर्गत 'अनिवार्य मेलमिलाप कार्यवाही' सुरु गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

"हामीले अन्तर्राष्ट्रिय कानुनअनुसार कम्बोडियाको सार्वभौमिकता र समुद्री अधिकारको रक्षा गर्न यो कदम चालेका छौँ", हुन मानेटले भन्नुभयो। उहाँका अनुसार अन्तर्राष्ट्रिय विशेषज्ञ मेलमिलापकर्ताको निगरानीमा हुने प्रक्रिया दुवै देशका लागि निष्पक्ष र दीर्घकालीन समाधानतर्फको अवसर हुन सक्छ।

यो कदम थाइल्यान्डले गत महिना सन् २००१ मा हस्ताक्षर भएको द्विपक्षीय समझदारी सम्झौता रद्द गरेपछि आएको हो। 'एमओयु-४४' भनेर चिनिने उक्त सम्झौतालाई ओभरल्यापिङ समुद्री दाबी र ऊर्जा अन्वेषणसम्बन्धी सहकार्यको आधार मानिन्थ्यो।

थाई प्रधानमन्त्री अनुतिन चार्नविराकुलले आफ्नो सरकारले लामो समयदेखि कार्यान्वयनमा गतिरोध देखिएको भन्दै उक्त समझदारी खारेज गरेको बताउनुभएको थियो। त्यसपछि कम्बोडियाले विवादलाई द्विपक्षीय वार्ताबाट बाहिर निकालेर संयुक्त राष्ट्रसङ्घीय संरचनाभित्र लैजाने तयारी अघि बढाएको हो।

युएनसिएलओएसका पक्ष राष्ट्र भएकाले कम्बोडिया र थाइल्यान्ड दुवै अन्तर्राष्ट्रिय समुद्री कानुनको दायराभित्र छन्। कम्बोडियाले यही कानुनी आधारलाई प्रयोग गर्दै विवाद समाधानका लागि अन्तर्राष्ट्रिय संयन्त्रको सहयोग खोजेको हो।

यता, थाइल्यान्डको विदेश मन्त्रालयले मङ्गलबार एएफपीको टिप्पणी अनुरोधमा तत्काल प्रतिक्रिया दिएको छैन। तर आर्थिक पक्षले भने विवादको संवेदनशीलता अझ बढाएको छ। थाइल्यान्डको ऊर्जा मन्त्रालयका अनुसार दुवै देशको दाबी परेको समुद्री क्षेत्रमा रहेको तेल र प्राकृतिक ग्यासबाट भविष्यमा करिब ३०० अर्ब अमेरिकी डलर बराबरको आम्दानी हुन सक्ने अनुमान गरिएको छ।

दुई देशबिचको तनाव पछिल्ला महिनाहरूमा समुद्री मुद्दाभन्दा बाहिर गएर सीमा सुरक्षामा पनि फैलिएको थियो। जुलाई र डिसेम्बरमा भएका दुई चरणका घातक सीमा झडपपछि दुवै पक्ष युद्धविराममा सहमत भएका थिए। तर त्यसयता एकअर्कामाथि युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउने क्रम रोकिएको छैन।

लामो समयदेखि जारी सीमा विवाद हिंसात्मक सङ्घर्षमा परिणत हुँदा दर्जनौँ मानिस मारिएका थिए। लडाइँका क्रममा दुवै पक्षले थाइल्यान्डको नियन्त्रणमा रहेको सीमावर्ती क्षेत्रका विभिन्न स्थान खाली गरेका थिए।

कम्बोडियाले विवादित क्षेत्रबाट थाई सेना फिर्ता लिन निरन्तर माग गर्दै आएको छ। साथै, सीमा तनावका क्रममा ऐतिहासिक सम्पदा मन्दिरहरूमा पुगेको क्षतिका लागि कम्बोडियाले थाइल्यान्डको आलोचना पनि गर्दै आएको छ।

समुद्री ऊर्जा स्रोत, सीमा नियन्त्रण र ऐतिहासिक विवादले गाँसिएको यो द्वन्द्व अब संयुक्त राष्ट्रसङ्घीय प्रक्रियामा प्रवेश गरेसँगै दक्षिणपूर्वी एसियाको अर्को जटिल भू-राजनीतिक मुद्दाका रूपमा थप अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्ने सङ्केत देखिएको छ।

# ई-कमर्स तालिम सम्पन्न, डिजिटल व्यवसाय विस्तारमा जोड



भक्तपुर, १९ जेठ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको उद्योग तथा वाणिज्य कार्यालय भक्तपुर र भक्तपुर उद्योग वाणिज्य सङ्घको संयुक्त आयोजनामा सञ्चालन गरिएको दुईदिने ई-कमर्स तालिम सम्पन्न भयो।

तालिम समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले वर्तमान समय डिजिटल प्रविधिको युग भएकोले समयअनुसार आफूलाई परिवर्तन गर्न नसक्ने व्यक्ति वा व्यवसाय पछाडि पर्ने बताउनुभयो। उहाँले व्यापार-व्यवसायमा पनि डिजिटल माध्यमको प्रयोग बढ्दै गएको उल्लेख गर्दै अनलाइन व्यवसायको युगमा व्यवसायीहरू त्यसमा अभ्यस्त हुन आवश्यक रहेको बताउनुभयो।

उनले ई-कमर्स तालिमले व्यवसाय सञ्चालनका नयाँ अवसरहरू सिर्जना गर्ने विश्वास व्यक्त गर्दै आफ्नो व्यवसाय कानुनबमोजिम सञ्चालन गर्न र व्यवसायसँग सम्बन्धित कानुनी ज्ञान राख्न व्यवसायीहरूलाई आग्रह गर्नुभयो।

समस्या र चुनौतीदेखि डराएर सफलता प्राप्त नहुने भन्दै सफल व्यवसायीहरू पनि धेरै असफलतापछि सफल बनेको उदाहरण छ भन्दै प्रमुख प्रजापतिले आफ्नो व्यवसायको गहिरो अध्ययन गरी आत्मविश्वासका साथ अगाडि बढ्न सुझाव दिनुभयो। व्यापारको उद्देश्य नाफा कमाउनु भए पनि अस्वस्थ प्रतिस्पर्धाले व्यवसायको प्रतिष्ठासमेत गुम्न सक्ने भएकोले व्यवसायीबिच स्वस्थ प्रतिस्पर्धा हुनुपर्ने बताउनुभयो।

नेपाल सम्भावनाले भरिपूर्ण देश भएको उल्लेख गर्दै उहाले सीप र उद्यमशीलता भए बेरोजगार हुनुपर्ने अवस्था नरहेको धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकाले उद्यमशीलता विकासका लागि विभिन्न तालिम सञ्चालन गर्नुका साथै व्यवसाय गर्न चाहनेहरूलाई ऋण सहयोगसमेत उपलब्ध गराउँदै आएको जानकारी दिँदै नागरिकलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ नगरपालिकाले काम गरिरहेको बताउनुभयो।

उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका प्रमुख रामप्रसाद कुस्माले तालिमबाट सिकेको सीपलाई व्यवहारमा प्रयोग गर्न सहभागीलाई आग्रह गनुभयो। जिल्लाको आवश्यकताअनुसार तालिम सञ्चालन गरिएको जानकारी दिँदै उहाले स्टार्टअप व्यवसायलाई सहयोग पुर्‍याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताउनुभयो।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले उत्साहपूर्ण सहभागितासहित तालिम सफलतापूर्वक सम्पन्न भएको बताउँदै सिकाइको प्रक्रिया उमेरसँग नरोकिने उल्लेख गनुभयो। वर्तमान समयमा मोबाइलमै संसार सीमित भएको र विश्व बजारमा प्रतिस्पर्धा गर्न ई-कमर्स ज्ञान अपरिहार्य बनेको धारणा राख्नुभयो।

भक्तपुर उद्योग वाणिज्य सङ्घकी निवर्तमान अध्यक्ष रोशनीमाया धौबञ्जारले तालिमबाट हासिल गरेको सीपलाई व्यवहारमा उतारेर व्यवसाय सञ्चालन गर्न आग्रह गर्दै यसले सहभागीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गनुभयो।

तालिम संयोजक अनिल शिवाकोटीले ई-कमर्समार्फत अनलाइन पसल सञ्चालन गरी आम्दानी बढाउने ज्ञान प्रदान गर्नु तालिमको मुख्य उद्देश्य रहेको बताउनुभयो।

तालिमका सहजकर्ता तथा प्रशिक्षक सञ्जीव ढावाले वर्तमान समयमा ई-कमर्स तालिमको सान्दर्भिकता बढ्दै गएको उल्लेख गर्दै छोटो अवधिको तालिम भए पनि सहभागीलाई आवश्यक आधारभूत ज्ञान प्रदान गरिएको बताउनुभयो।

कार्यक्रममा सहभागी प्रशिक्षार्थी निजन बासुकला र रेस्मी हालेयोले डिजिटल युगमा ई-कमर्ससम्बन्धी ज्ञान अत्यन्त उपयोगी रहेको अनुभव सुनाउँदै आगामी दिनमा पनि यस्ता व्यवहारिक तालिमको अपेक्षा रहेको बताउनुभयो।

भक्तपुर उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष राजेन्द्र प्रजापतिले तालिम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने उद्योग तथा वाणिज्य कार्यालय, प्रशिक्षक, सहभागी तथा सम्पूर्ण आयोजक टोलीप्रति धन्यवाद व्यक्त गर्नुभयो भने सङ्घका विश्वराम दुवालले पनि बोल्नुभयो।

समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो।

# गलत बयान दिएका विरुद्ध मुद्दा दायर

काठमाडौँ, १९ जेठ। भ्रष्टाचारसम्बन्धी एक मुद्दामा प्रतिकूल बयान दिएको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नवलपरासी त्रिवेणी गाउँपालिका-७ का ईश्वरीप्रसाद गौतमविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

ऋण उपलब्ध गराई दिएवापत सेवाग्राहीसँग रु. ५० लाख घुस लिएको अभियोगमा चन्द्रबहादुर अधिकारीको विरुद्धको मुद्दा विशेष अदालतमा सुनुवाइको क्रममा छ। सोही मुद्दामा साक्षीका रूपमा उपलब्ध गराइएका गौतमले प्रतिकूल बयान दिएको आयोगको दाबी छ।

आयोगले गलत बयान दिएका गौतम विरुद्ध कसुरबमोजिम कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दर्ता गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

*संयुक्त...*

विस्थापित भएका तथा मानवीय आवश्यकताहरू बढेको बताइएको छ।

अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका अनुसार पछिल्ला केही दिनमा मात्रै दुई हजार २०० भन्दा बढी व्यक्ति विस्थापित भएका छन्। पश्चिम कोर्डोफानको कादाम क्षेत्रमा भएको ड्रोन आक्रमणमा कम्तीमा ८ सर्वसाधारणको मृत्यु भएको तथा धेरै घाइते भएका स्थानीय स्रोतहरूले बताएका छन्। त्यस्तै, मध्य डार्फुरको उम दुखुन सहरमा शनिबार भएको अर्को ड्रोन आक्रमणमा तीन बालबालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको जनाइएको छ। संयुक्त राष्ट्रसङ्घले सबै पक्षलाई सर्वसाधारण तथा नागरिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्न र मानवीय सहायता पहुँच सहज बनाउन पुनः आग्रह गरेको छ। साथै, सुडानका लागि आवश्यक २ अर्ब ९० करोड अमेरिकी डलर बराबरको मानवीय सहायता अपिल वर्षको मध्यसम्म आइपुग्दा २२ प्रतिशत मात्र वित्तीय सहयोग प्राप्त भएकोले थप अन्तर्राष्ट्रिय सहयोगको खाँचो रहेको जनाइएको छ।


## हार्दिक समवेदना



जन्म
२००६/०१/२०

स्वर्गारोहण
२०८३/०२/०९

हाम्रा आत्मीय मित्र जितेन्द्र खाइजुकी ममतामयी माता **गुज्यश्वरीमाया खाइजुको** दु:खद निधन भएको आज बाह्रौं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**साथीहरू**

श्यामकृष्ण मचामसी
लक्ष्मीप्रसाद भैल (ॐ बाबा)
कृतन अवाल
रामकृष्ण प्रजापति
कृष्णप्रसाद कवां
केदार सुवाल
केदार तुईतुई
सुशील सुवाल
दिलिपकुमार ग्वाछ्रा
सुकुराम मगजु



## समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.

महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं. ०१-६६१९३३२, ६६१९८४०

## कर्जा चुक्ता गर्न आउनेबारेको २१ दिने सूचना

**प्रकाशन मिति २०८३/०२/२० गते**

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यहरूले कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जानालगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले कर्जा चुक्ता गर्न आउनेबारेको यो २१ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पूर्ण सावाँ, ब्याज, विलम्ब शुल्क, हर्जना, अन्य दैदस्तुर बक्यौतासमेत तिर्नु बुझाउनुहोला। अन्यथा सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थासँग गरिएको ऋण सर्त लिखतबमोजिम यस संस्थामा तपाईं ऋणीहरूको नाममा यस संस्थामा रहेको बचत रकम कटाई नपुग भएको संस्थाको लेना रकम तपाईं र तपाईंको परिवारका नाममा रहेको चलअचल जायजेथा सम्पत्ति रोक्का राखी लिलाम बिक्री गरी असुलउपर गरिलिने व्यहोरा यो सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | ऋणीको फोटो | साक्षी |
|---|---|---|---|
| १. | **नाम** : सुदिल सूजखू<br>**बुबाको नाम** : पुष्पलाल सुजखू<br>**बाजेको नाम** : केदार सुजखू<br>**ठेगाना** : साबिक भ.न.पा. वडा नं. १४ हालको परिवर्तित वडा नं. ४<br>**ना.प्र.नं** : २९।०१।०६६।००४०७ |  | भ.पु.जि.भ.न.पा. वडा नं. ४ बस्ने एकाघरकी पत्नी नाताकी सृजना सुजखू पक्का |
| २. | **नाम** : लक्ष्मी भेले<br>**बुबाको नाम** : रत्नलाल भेले<br>**बाजेको नाम** : रत्नबहादुर भेले<br>**ठेगाना** : साबिक भ.न.पा. वडा नं. १२ हालको परिवर्तित वडा नं. ४<br>**ना.प्र.नं** : २९।०१।०६८।०३१३७ |  | भ.पु.जि.भ.न.पा. वडा नं. ८ बस्ने एकाघरकी दिदी नाताकी पूर्णलक्ष्मी भेले कोजू |



## धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।

❖ धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
❖ धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

❖ सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
❖ किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
❖ धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
❖ धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
❖ आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
❖ धूम्रपान त्याग्ने संकल्प गरौं,
❖ धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा